# अध्याय:एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालका कम्युनिस्ट घटकहरुमध्येको एउटा पार्टी नेपाल कम्युनिस्ट पार्टी ( माओवादी)ले राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रको स्थापना गर्ने तत्कालिन कार्यदिशा अनुरुप बि.स. २०५२ साल फाल्गुण १ गतेदेखि नेपालमा सशस्त्र सङ्घर्षको सुरुवात गरेको थियो, जसलाई 'जनयुद्ध' भन्ने गरिन्छ । जनयुद्ध दश वर्षसम्म चल्यो । सात राजनीतिक दल र विद्रोही शक्ति माओवादीबीच विस्तृत शान्तिसम्झौता भयो र ०६२/६३ मा संयुक्त जनआन्दोलन भयो र माओवादी शान्तिपूर्ण राजनीतिमा प्रवेश गऱ्यो । यो अवधिमा चलेको जनयुद्धको क्रममा नेपाली जनताका हजारौं सपूतहरुले ज्यान गुमाए । हजारौं बेपत्ता र घाइते भए । हजारौंले जेलनेल खेपे । लाखौं जनता युद्धबाट प्रत्यक्ष/अप्रत्यक्ष रुपमा प्रभावित बन्न पुगे । नेपालको कम्युनिस्ट आन्दोलन र राजनीतिक क्रान्तिको क्रममा योभन्दा ठूलो जनधनको क्षति अरु कुनै सङ्घर्षमा भएको इतिहास छैन । युद्धले गणतन्त्रको स्थापनासहित राज्यका सबै संरचनामा उथलपुथल मात्रै गराएन कि जनजागरणको लहर पनि ल्याएको मानिन्छ । संघीयता, धर्मनिरपेक्षता, सामाजिक न्याय, सामावेशी/समानुपातिक प्रतिनिधित्वलगायतका राजनीतिक उपलब्धिको आधार पनि जनयुद्ध नै हो पनि भन्ने गरिन्छ ।

सामान्य अर्थमा द्वन्द्व भन्नाले झगडा, मनमुटाव, दुश्मनी, लडाई, काटमारलाई बुझ्ने गरिन्छ । द्वन्द्व मानव समाजको उत्पतिदेखि नै रही रहेको विषय हो । "द्वन्द्व भनेको सामाजिक जीवनको एक अपरिहार्य यथार्थ हो जुन शक्तिको प्रभाव र भिन्नताबाट उब्जिएको हुन्छ । मानिसहरुबीच रहने विपरित विचार, सिद्धान्त र व्यवहारको चरम असहमतिको अवस्था द्वन्द्व हो । यो झगडा र वैमनश्यताको रुपमा देखापर्छ" (Hofton, 1999)।

"द्वन्द्व भनेको समाजका शक्ति र उत्पादनको श्रोतमाथि नियन्त्रण गरेका सम्पन्न वर्ग, श्रोत र शक्ति कम भएका विपन्न वर्गबीचको उक्त श्रोत र शक्ति आफ्नो पक्षमा पार्ने

मानसिकताबाट सृजित अवस्था हो, जुन समाजमा असमानता रहेसम्म चलिरहन्छ''(खोजी, २०६५) ।

संसारका धेरै मुलुक द्वन्द्वबाट ग्रसित छन् । विशेषगरी अविकसित अथवा श्रोत र साधन कम भएका देशहरुमा द्वन्द्व चलिरहेको छ । सन् २००३ मा प्राप्त तथ्याङ्कअनुसार अफ्रिकामा १४, एसीयामा ८, युरोपमा २, ल्याटिन अमेरिकामा १ र मध्यपूर्वमा ३ वटा गरी२८ वटा देशमा ३६ वटा सशस्त्र द्वन्द्व चलिरहेका थिए । ती ३६ वटा द्वन्द्वमध्ये २३ वटा द्वन्द्व १० वर्ष भन्दा पहिलेदेखि चलिरहेका थिए अर्थात् ती १० वर्ष पुराना थिए( सापकोटा,२०१०) ।

नेपालका लागि सशस्त्र द्वन्द्व नौलो विषय होइन । पृथ्वीनारायण शाहले गोर्खा राज्यलाई विस्तार गर्ने महत्वकांक्षा राखी वाइसे चौविसे साना राज्यहरुलाई एकीकरण गर्न थालेदेखि सशस्त्र द्वन्द्व नेपालले भोग्दै आइरहेको छ । नेपालको सामाजिक तथा राजनैतिक इतिहासलाई फर्केरहेर्‍यौं भने २०औं सताब्दीमा हरेक दश वर्षमा नेपालमा सशस्त्र द्वन्द्व तथा जनआन्दोलनहरु भएका छन् । सन् १९२० मा मकै पर्व, प्रचण्ड गोर्खा काण्ड (१९३२), प्रजापरिषद् (१९४०), राणा विरोधी आन्दोलन (१९५०), पञ्चायती व्यवस्थाको विरोध ( १९६१), झापा विद्रोह (१९७१), जनमत संग्रह १९८०), जनआन्दोलन(१९९०) र माओवादी जनयुद्धको सशस्त्र अवस्था (२०००) श्रृङ्खलाबद्ध रुपमा पुनरावृत्ति भएका घटना हुन्(Bhattrai, 1998)।

दश वर्षसम्म नेपालमा चलेको द्वन्द्व सशस्त्र द्वन्द्व हो । जसबाट मारिएका १३,५०० जनामध्ये राज्यबाट ६३ प्रतिशत र माओवादीबाट ३७ प्रतिशत हो ।(इन्सेक २००७)। सशस्त्र द्वन्द्वले गर्दा १३०० भन्दा वढी नागरिक अझै वेपत्ता छन्, आफ्ना परिवारजन अझै आशा गर्दैछन् ऊ आउँछ कि भनेर (रविन्स २०१०)। यसैगरी द्वन्द्वकालमा धेरै मानिसले आफ्नो थाकथलो छाडे, धेरै विस्थापित भए । कोही नेपाल छाडेर भारतलगायत अन्य मुलुकमापनि गए । इन्सकले प्रकाशित गरेको एक अनुसन्धान प्रतिवेदनमा नेपालमा २ लाख मानिस प्रत्यक्ष विस्थापित भएका छन् ।

नेपालले विगत १० वर्ष लामो समय आन्तरिक सशस्त्र द्वन्द्वको भयावह स्थितिको सामाना गर्‍यो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले शासनदेखि भूमिसुधारसम्मका कुरा समेट्दै ४० सुत्रीय माग तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारलाई राखेपछि

उक्त मागको वेवास्ता गरेको भन्दै माओवादी पार्टीले समय सकिन ३ दिन बाँकी हुँदै रोल्पा जिल्लाको पश्चिम दक्षिणमा रहेको होलेरी प्रहरी चौकी र रुकुम जिल्लाको थिब्सीकोट प्रहरी चौकी आक्रमण गरी जनयुद्धको घोषणा गर्‍यो(घिमिरे र भट्टराई २००७) ।

जनयुद्धलाई दबाउन सरकारले रोल्पा जिल्लामा किलोसेरा टु र रोमियो प्रहरी अप्रेशन सञ्चालन गर्‍यो । राज्यले चलाएको अप्रेशनले झन् द्वन्द्वलाई प्रोत्साहन गर्ने काम गर्‍यो । गाउँ-गाउँमा माओवादी पार्टीले विभिन्न अभियानका नाममा जनताहरुलाई पार्टीमा आवद्ध गर्दै युद्धमोर्चा गठन गर्न थाल्यो । उता सरकारी अप्रेशन झन् कडा र विस्तार हुँदै गयो । जनता दोहोरो चपेटामा पर्न थाले । २०५८ सालमा जनमूक्ति सेनाले होलेरी प्रहरी चौकी आक्रमण गरी ७१ जना प्रहरीलाई युद्धवन्दीको रुपमा लिएर गयो भने केही प्रहरी मारिए । यही घटनापछि सरकारले शाही नेपाली सेना परिचालन गर्‍यो(OHCHR, 2012) ।

रोल्पा-रुकुम माओवादी जनयुद्धको उद्गम जिल्ला मानिन्छन् । कास्की जिल्लामा पनि द्वन्द्वको प्रभाव उत्तिकै परेको पाइन्छ । ४६ जनालेयो जिल्लाबाट ज्यान गुमाएका छन् । नेपाली जनताका हुनाहार छोरोछारीले जनताको व्यवस्था ल्याउन गरेको स्वतस्फूर्त युद्धकै जगमा अहिलेको यो परिवर्तन सम्भव भएको हो (शहीद, २०६४) ।

समाज तथा देशको अग्रगामी परिवर्तनको लागि ज्यानको बलिदान गर्ने व्यक्तिलाई शहीद भनिन्छ । शहीद एक राजनीतिक पदावली हो । जसको सम्बन्ध भौतिक तथा वैचारिक सत्तासँग प्रत्यक्ष रुपले जोडिएको हुन्छ । विश्वका विभिन्न दर्शनहरुमा शहीदलाई फरक-फरक ढङ्गले अर्थ्याइएको भएता पनि सबैको मतको सार भनेको शहीदलाई आदर्शका रुपमा बुझ्नु नै हो । पूर्वीय दर्शनका महाभारत, रामायण आदी ग्रन्थहरुमा असल कर्मका लागि जीवन कुर्वान गर्नुलाई महान कर्मका रुपमा व्याख्या गरिएको छ । इस्लाम वा बौद्ध मान्यताले पनि असल कर्म र सामुहिक उत्थानका लागि जीवन समर्पित गर्नेलाई उच्च दर्जा दिएको पाइन्छ । सामाजिक तथा राजनैतिक परिवर्तनका हरेक महत्वपूर्ण उपलब्धिहरुमा शहीदहरुको योगदान  अतुलनीय रहेको छ । राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, लोकतन्त्र, मानव अधिकार तथा कानुनी राज्य स्थापनालगायत सबैखाले सामन्तवादका विरुद्धमा गरिएका हरेक आन्दोलनमा सहभागी हुँदै जीवनको बलिदान दिने व्यक्तिहरु नै शहीद हुन् (शहीद, २०६४) ।

राणाशासनबिरुद्ध विद्रोह गरेर मारिएका लखन थापा नेपालका प्रथम शहीद हुन् । उनलाई बि.सं. १९३३ सालमा गोरखाको मनकामना मन्दिर अगाडी रहेको रुखमा झुण्ड्याएर

मारिएको थियो । शहीद शुक्रराज शास्त्रीलाई १९९७ माघ १० गते राति १२ बजे काठमाडौंको पचलिमा रुखमा झुन्डाएर मारिएको थियो । त्यसैगरी १९९७ माघ १४ गते शहीददशरथ चन्दलाई काठमाडौंको शोभाभगवतीमा नरशमशेर राणाले गोली हानि हत्या गरेका थिए । २००७ सालको परिवर्तन पछि २०२८ सालको झापा विद्रोहमा रामनाथ दाहाल,नेत्र कुइकेल, विरेन राजवंशीलगायतका सपुतहरुले आफ्नो प्राणको आहुति दिए । त्यसैगरी २०३६ सालमा ऋषि देवकोटा, रत्नकुमार बान्तवालहरु लगायत व्यक्तिहरु शहीद भए(शहीद गाथा, २०६४) ।

वि.सं. २०२८ सालको झापा विद्रोहलाई तत्कालिन एकीकृत मार्क्सवादी लेनिनवादी पार्टीले नेतृत्व गरेको थियो । आन्दोलनको श्रृङ्खला लामो र निरन्तर रुपमा अगाडी बढ्यो, कम्युनिष्ट पार्टीहरुले नै विशेषगरी आन्दोलन एवम् विद्रोहको नेतृत्व गरे । ०४६ सालमा कम्युनिष्टहरुले तत्कालिन राज्य व्यवस्थाको बिरुद्धमा जनआन्दोलन घोषणा गरे । २०४७ सालमा नयाँ संविधानको घोषणा गरियो तर पनि जनअपेक्षाकृत हुन नसकेको भन्दै वि.सं. २०५२ फागुन १ गते माओवादीले जनयुद्ध घोषणा गरेको हो । यो पार्टीले जनताका जनजीविकाका प्रश्नहरुलाई राज्यसत्ताले सम्बोधन गर्न नसकेको भन्दै सिमान्तकृत समुदाय तथा युद्ध रणनीतिको विकास गर्दै धेरै मानिसहरुलाई युद्धमा सहभागी गराउने अभियान सुरुवात गरेको देखिन्छ । सरकारका बिरुद्धमा युद्ध केन्द्रित गर्ने रणनीतिमा सरकारी संरचना र सरकारी गतिविधिबिरुद्ध माओवादी आन्दोलन एकताबद्ध बन्दै गएको देखिन्छ, सोही क्रममा तत्कालिन सरकारी फौज, गैरफौजी नागरिकहरु तथा विद्रोही माओवादी पक्षमा मानविय क्षति हुन पुग्यो । ०६३ मंसिर २२ गते तत्कालिन सरकार र ने.क.पा. (माओवादी)बीचको विस्तृत शान्तिसम्झौतामा हस्ताक्षर सम्पन्न भएपछि नेपाल औपचारिक रुपमा द्वन्द्वको अवस्थाबाट बाहिर निस्कियो । नेपालमा गणतन्त्र, संघीयता, समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता, समावेशी-समानुपातिक लोकतन्त्रको स्थापना भयो । हाल संविधानसभाबाट जारी भएको संविधानको आधारमा मुलुक नयाँ राजनैतिक युगमा प्रवेश गरेको छ (केसी, २०६५) ।

## १.२ समस्याको कथन

वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपश्चात् बनेको राजनैतिक व्यवस्थाले राज्यमा आशातित सफलता दिन सकेन । जनचाहनाहरु सामान्य रुपमा पनि पुरा हुन

सकेनन् । अस्थिरता, अराजकता, भ्रष्टाचार, बेरोजगारी र सामाजिक बहिष्करणका समस्याहरु घट्नुको साटो बढेर गए । लामो समयदेखि सामन्ति उत्पादन सम्बन्धमा आधारित रहेको नेपालमा राजनीतिक, सामाजिक, आर्थिकलगायत समस्याहरु गुजुल्टिएर रहेका थिए । तसर्थ राष्ट्र परिवर्तनको उद्देश्य बोकेर विभिन्न चरणका सङ्घर्ष र आन्दोलनमा कैयौँ मानिसहरु प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागी भए,यसकै अगुवाई र सक्रियतामा जनयुद्धको शुरुवात भयो । पहिलो चरणमा माओवादीले रोल्पा र रुकुम जिल्लाका गाउँ-गाउँमा 'सिज सांस्कृतिक अभियान'मार्फत जनतालाई अन्याय र असमानताका विरुद्धमा आवाज उठायो(पाठक,२००४) ।

नेपालमा दश वर्षसम्म चलेको ससस्त्र द्वन्द्व कुनै न कुनै रुपमा माथी उल्लेख गरिएका विश्लेषणसँग मेल खान्छ । समग्रमा जनताको उन्मुक्तिको खातिर सञ्चालनमा ल्याइएको युद्ध लेनिनको भाषामा "गृह युद्ध" थियो र यो युद्धमा माओले भनेझैँ "बन्दुक" प्रयोग भएको थियो । यसको प्रभाव देशको सम्पूर्ण भागमा पर्‍यो ।

विभिन्न क्षेत्रमा द्वन्द्वले प्रभाव पारेका कारण वा अन्य कारणले पनि सामाजिक तथा आर्थिक पुनरावृत्तिमा परिवर्तन आएको छ । त्यसकारण द्वन्द्वको समयमा भएको ध्वंसात्मक क्रियाकलापले सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक क्षेत्रमा पारेको प्रभाव पूरै अध्ययन गर्न नसके पनि कास्की जिल्लामा माओवादी तर्फबाट भएका शहीद परिवारहरुलाई अध्ययनको क्षेत्र बनाई आर्थिक, सामाजिकअवस्थामा आएको परिवर्तन र उनीहरुको मनोवैज्ञानिक अवस्थाको लेखाजोखा गर्न यो शोधकार्य गरिएको छ ।द्वन्द्वकाल र वर्तमान अवस्थाबीचको अन्तर्मूल्याङ्कन नै यस अध्ययनको उद्देश्य हो ।

जनयुद्धको सबैभन्दा पीडादायी पाटोजनधनको सुरक्षामा प्रत्याभूति नहुनु हो । देशको आजको अवस्था जनयुद्धको परिणाम पनि हो । तैपनि यो अवधिमा जनताले धेरै दुःख-कष्ट झेल्नुपर्‍यो । विनाकारण झूटा मुद्दामा फसाउने, राज्य र विद्रोही पक्षको धम्की, भौतिक आक्रमणजस्ता प्रतिकुल अवस्थासहनुपर्‍यो । कास्कीमा धेरै मानिसहरु प्रहरी हिरासतमा थुनिए भने कैयौं जेलमै बस्नुपर्‍यो । जनयुद्ध शुरु भएपछि त्यतिबेलाको प्रशासनद्वारा माओवादीको नाममा धेरै मानिस मारिए, बेपत्ता पारिए भने विद्रोही पक्षबाट पनि यस्तो कार्य भयो ।

सशस्त्र जनयुद्धको यस्तो चरम परिस्थितिबाट आफ्नो परिवारको सदस्य गुमाएका परिवारमा आज कस्तो परिवर्तन भएको छ ? साँस्कृतिक, आर्थिक, सामाजिक, राजनैतिक अवस्था कस्तो छ?द्वन्द्वले कस्तो प्रकारको मानसिक छाप छोडेको छ? टुहुरा,एकल महिला, घाइते र अपाङ्गहरुको अवस्था कस्तो छ?द्वन्द्वले सामाजिक तथा आर्थिक अवस्थामा छाडेका सकारात्मक र नकारात्मक प्रभावहरुको अध्ययन आवश्यक छ । यसको समीक्षा, कार्यान्वयन र कार्यव्यवहारले  सामाजिक स्वरुप वा संरचनालाई पार्ने प्रभावको बारेमा पनि विश्लेषण गर्नु यसको अर्को महत्वपूर्ण पाटो हो ।

विद्रोह गर्नेहरु कुनै पनि समाजको मूलप्रवाहलाई बदल्न आँट गर्नेहरु नै हुन्छन् । त्यस्ता व्यक्तिहरु समाजको कुन पक्षबाट आउँछन् भन्न सकिने कुरा होइनतर नेपालको सशस्त्र विद्रोहमा साथ दिनेहरु विविध पृष्ठभूमिबाट आएको पाइन्छ । परिवारको सदस्य आन्दोलनको क्रममा गुमेपछि त्यस परिवारमा सामाजिक, आर्थिक तथा मानसिक प्रभावहरु, परिवार प्रतिको सामाजिक दृष्टिकोण र व्यवहारमा आएका भिन्नताहरु साथै परिवारका सदस्यहरुले शहीद परिवार हुनुको नाताले पार्टी र सरकारबाट प्राप्त गरेका अवसरहरु र शहीद परिवाहरुले भोग्नुपरेका चुनौतीहरु बुझ्नका लागि यस विषयको अध्ययन गर्न खोजिएको हो ।साथै उनीहरुको मनोवैज्ञानिक अवस्थाका बारेमा विश्लेषण, राज्यस्तरबाट वा संघसंस्थाबाट विविध पक्षको अनुसन्धान निकै कम मात्र भएका छन् । यिनै विविध पक्षको बारेमा बुझ्न यस विषयलाई समस्याको रुपमा छनोट गरिएको हो ।प्रस्तुत अध्ययनका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरुको उठान गरी तिनीहरुको समाधानको प्रयास गरिएको छ ।

१. शहीद परिवारको सामाजिक अवस्था कस्तोरहेको छ ?

२. शहीद परिवारको मनोवैज्ञानिक अवस्था कस्तो रहेको छ ?

३. परिवर्तित राजनैतिक व्यवस्थाप्रतिशहीद परिवारको के कस्तो धारणा छ ?

## १.३ अध्ययनको उद्देश्य

१. शहीद परिवारको सामाजिक एवम् मनोवैज्ञानिक अवस्थाको अध्ययन गर्नु ।

२. विकसित राजनैतिक घटनाक्रमप्रति शहीद परिवारको धारणा बुझ्नु ।

## १.४ अध्ययनको महत्व

विभिन्न संघ संस्था तथा सरकारी निकायहरुबाट माओवादी सशस्त्र द्वन्द्वका कारण र परिणाम बारे धेरथोर खोज तथा अनुसन्धान गरिएपनि द्वन्द्वले समाजमा पारेको प्रभावको मूल्याङ्कन गर्ने गरि अध्ययन गरेको पाइएको छैन ।शहीद परिवार सशस्त्र द्वन्द्वका प्रत्यक्षदर्शी मात्रै नभई पीडा भोगेका परिवार पनि भएकाले उनीहरुको सामाजिक, आर्थिक र मनोवैज्ञानिक रुपमा आएका परिवर्तन र त्यसको अध्ययन गर्नु आवश्यक ठानिएको हो ।

द्वन्द्व प्रभावको ठोस परिणामको अध्ययनले सरकारी अधिकारी, राष्ट्रिय योजना आयोग, सामाजिक कार्यकर्ता, सामाजिक संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, विद्यार्थी, शिक्षक तथा अन्य सम्बन्धित पक्ष वा सोधकर्ताहरुलाई आगामी दिनहरुमा उपयोगी हुने देखिन्छ । शान्ति प्रक्रियालाई दिगो रुपमा टुङ्गो लगाउन तथा द्वन्द्व व्यवस्थापनलाई उचित सहयोग प्रदान गर्न यो अध्ययनको महत्व हुनेछ । द्वन्द्वका कारण शहीद भएका परिवारको समाजमा सामाजिक प्रभाव वा असरको तह हदसम्म हुन्छ र यसलाई न्यूनिकरण गर्न, गराउन एउटा ठोस प्रक्रियामा जानेजस्ता पक्षहरुलाई समेत पृष्ठपोषण गर्नलाई सहयोग हुनेछ । यसका अलवा अध्ययनका लागि छनौट भएका शहीद परिवारका बारेमा कार्य गर्न चाहने विभिन्न विकासमुखी सामाजिक संघसंस्थाहरुलाई कार्यक्रम, योजना निर्माण गर्न यो अध्ययनले सघाउ पुऱ्याउने छ । कास्की जिल्लामा मात्र माओवादी तर्फबाट भएका शहीदपरिवारको मात्र अध्ययन गरिने यो नमूना अध्ययनले समग्र देशमा रहेका द्वन्द्वपीडित र शहीद परिवारहरुलाई पनि निश्चित हदसम्म प्रतिनिधित्व गर्ने हुँदा यसको महत्व अरु बढी हुनेछ । किनकि आमरुपमा देशभरि नै द्वन्द्वपीडित र शहीदपरिवारका प्रकृति एउटै खालका रहेकोले कास्की जिल्लाका  शहीदपरिवारको प्रकृति र अवस्थाको आधारमा सम्पूर्ण देशमा जनयुद्धका शहीद परिवारको अवस्था बुझ्न मद्दत पुग्ने आशा गरिएको छ ।

जनयुद्धका शहीद कास्की जिल्लाका अधिकांश ग्रामिण क्षेत्र, आर्थिक रुपमा विपन्न र शैक्षिक रुपमा पिछडिएको क्षेत्र तथा समुदायबाट आएको पाइन्छ । जसमध्ये कैयौं घरमुली पनि रहेको हुँदा आश्रित परिवारका सदस्यहरुको आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक अवस्था जटिल हुन पुगेको अनुमान लगाउन सकिन्छ । साथै द्वन्दका कारण समाजका विविध पक्षहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा असर पुगेको देखिन्छ ।प्रस्तुत अनुसन्धानकार्यका महत्व निम्न बुँदाबाट प्रष्ट पारिएको छ :

- शहीद परिवारको वर्तमान अवस्थाको बारेमा बुझ्ने र समाजले उनीहरुलाई गर्ने व्यवहार र दृष्टिकोणको जानकारी प्राप्त गर्नु।
- राष्ट्रले गरेका सम्मान, सहयोग र अवसरका बारेमा धारणा बुझ्नु ।
- शहीद परिवारको सम्पूर्ण पक्षका (सामाजिक, आर्थिक, राजनैतिक) समस्याहरुको पहिचान गरी राज्यलाई नागरिकप्रतिको जवाफदेहिता बोध गराउन सहयोगी ।
- शहीद परिवार र समाजको सम्बन्ध विस्तारमा सहयोगीको रुपमा स्थापित गर्न ।
- भविष्यमा अनुसन्धानकर्ताका लागि शहीद परिवारको अध्ययन उपयोगी बन्ने ।
- समाज, राजनीति र शिक्षाबीचको अन्तरसम्बन्ध बुझ्ने माध्यम बन्ने ।

## १.५ अध्ययनको सिमा

अध्ययनको सिमा यसको अवस्था र समयका कारणबाट विभिन्न सिमानिर्मित भएका हुन्छन प्राय राजनैतिक सामाजिक घटनाका अध्ययनहरु निश्चित सामाजिक अवस्था वा परिवेश भित्र लागु हुन सक्दछ । कुनै एक अध्ययनले धेरै विषयवस्तुहरु समेट्न सक्दैन र सिमाभन्दा बाहिर उक्त अध्ययनले प्रभाव नपार्न सक्दछ । त्यसकारण प्रस्तुत अध्ययनमा निम्नलिखित सीमाहरु रहेका छन्:

- प्रस्तुत अध्ययनमा कास्की जिल्लाको तत्कालिन ने. क.पा. (माओवादी) पार्टीमा आवद्ध भएर शहीद भएका परिवारसँग मात्र सम्बन्धित रहेको हुँदा अन्य घटनासँग सम्बन्धित छैन ।
- परिवारको स्वरुप ब्यापक हुने हुदाँ एकै घरधुरीमा रहने (आमा,बुबा, श्रीमति, छोरा छोरी, दाजुभाई, दिदिबहिनी)सँग मात्र सम्वन्धित रहेको छ ।
- वि. सं. २०५२ सालदेखि शान्ति प्रकृया २०६३ साल माघ ५ गते भएको नेपाल सरकार र तत्कालिन ने.क.पा (माओवादी) बीच भएको शान्तिसम्झौताको समय अवधिमा शहीद भएका परिवारको मात्र अध्ययन गरिएको छ ।
- सिमित बिधि र सिद्धान्त प्रयोग गरी अध्ययन सम्पन्न गरिएकोले अध्ययनको निष्कर्ष समान ढंगले सामान्यकिरण गर्न सकिदैन ।

## १.६ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रभित्र छ वटा अध्याय समावेश गरिएको छ । पहिलो अध्यायभित्र अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सिमा र अध्ययनको संगठन समावेश गरिएको छ । दोस्रो अध्यायभित्र साहित्यको पुनरावलोकन समावेश गरिएको छ । जसमा द्वन्द्वको परिचय तथा सैद्धान्तिक दृष्टिकोणहरु समेटिएको छ । अध्याय तिनमा अध्ययन विधि र यसभित्र अध्ययनक्षेत्र छनोट औचित्य, अनुसन्धान ढाँचा, सम्रग अध्ययन प्रक्रिया, तथ्याङ्क प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलन विधि र तथ्याङ्क विश्लेषण गरिएको छ। अध्याय चारमा अध्ययन क्षेत्रको चिनारी तथा सामाजिक अवस्था जसमा शैक्षिक, जातिय संरचना, पेशा धर्म आदिको अवस्था समेटिएको छ। अध्याय पाँचमा मनोवैज्ञानिक र आर्थिक अवस्था जसमा मनोविज्ञानको परिचय उत्तरदाताको आम्दानी समेटिएको छ । अध्याय छ मा परिवर्तित राजनैतिक घटनाप्रतिको धारणा छ र अन्तिम अध्याय सातमा सारांश र निष्कर्ष राखिएको छ । सम्बन्धित विषयसँग मेल खाने गरी वैयक्तिक अध्ययनजम्मा १२ जना शहीद परिवारको समावेश गरिएको छ।

# अध्यायः दुई

# साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक दृष्टिकोण

कुनै पनि अनुसन्धान गर्दा सो अनुसन्धानसँग सम्बन्धित विषय वा शीर्षकमा संस्थागत, व्यक्तिगत र स्वतन्त्र रुपमा अघि नै के कस्ता अध्ययन-अनुसन्धान भएका छन् र के कति हुन बाँकी छन् र थप सूचनाहरु प्राप्त गर्न विभिन्न लेख र रचना, प्रतिवेदन, पत्रपत्रिका, पुस्तक, शब्द वा ज्ञान कोषहरु, प्रकाशित तथा अप्रकाशित शोधपत्र तथा अभिलेख र जर्नलहरु आदिको गहन अध्ययन गर्नुलाई नै साहित्य पुनरावलोकन भनिन्छ(वैद्य, २०७३) ।

### २.१.१ मार्क्सवाद/द्वन्द्वात्मक भौतिकवाद

"मानव समाजमा हुने द्वन्द्वको भूमिकालाई जोड दिने सिद्धान्तको संग्रहलाई द्वन्द्वात्मक सिद्धान्त भनिन्छ ।" द्वन्द्वात्मक सिद्धान्तको विकासमा धेरै विद्वानहरुको योगदान छ । पोलियोस, हार्वर्ट, स्पेन्सर, हेगेल, गुन्प्लोभिक्स रेटजेनहोवर, प्रान्ज, ओपनहाइमर कार्ल मार्क्स, चार्ल्स डार्विन, मेक्स वेवर आदि उक्त कार्यका लागि उल्लेख्य नामहरु हुन् ।

मार्क्सवाद एउटा दृटिकोण हो । कार्लमार्क्सद्वारा प्रतिपादित सिद्धान्त द्वन्द्वात्मक सिद्धान्त हो । मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो । मार्क्सवादले वैज्ञानिक अध्ययनमा द्वन्द्वात्मक नियमलाई अपनाएको छ । मार्क्सवादी दर्शन सर्वहारावर्गको विश्व दृष्टिकोण हो । यसलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भनिन्छ । मार्क्सवादका आवश्यक पूर्वाधारहरुमा मुख्यगरी सामाजिक, आर्थिक प्रकृति विज्ञानका सैद्धान्तिक आधारहरु हुन् ( न्यौपाने, २०७५) ।

उत्पादनका साधनहरुको असमान वितरण तथा वर्गविभाजनको अवस्थामा समाजमा द्वन्द्वको सिर्जना हुन्छ भन्ने विषयलाई मार्क्सले उल्लेख गरेका छन् । मार्क्सकाअनुसार समाज

र संस्कृति ऐतिहासिक विशिष्टताका आधारमा निर्माण भएको हुन्छ । यसका मान्यताअनुसार समाज परिवर्तनशील हुन्छ र समाजका प्रत्येक अङ्गहरुमा कुनै न कुनै रुपमा द्वन्द्व भैरहन्छ र नयाँ सामाजिक व्यवस्थाको जन्म हुन्छ । नेपालको माओवादी जनयुद्धमा कार्लमार्क्सको द्वन्द्व सिद्धान्तलाई अवलम्वन गर्दै नेपालमा रहेका सामाजिक आर्थिक एवम् राजनैतिक अवस्थामा रहेको विभेदपूर्ण अवस्थालाई आफ्नो पार्टिको एजेन्डाको रुपमा प्रस्तुत गरेको देखिन्छ । समाजमा रहेका सम्पन्न र विपन्न वर्गबीचको खाडलले मानिसहरुमा द्वन्द्व सिर्जना हुन्छ र द्वन्द्वबाट ऐतिहासिक परिवर्तन सम्भव भई समानताको स्थापना हुने माओवादी मान्यताअनुसार नै युद्ध तिब्र रुपमा विकास भएको देखिन्छ । आफ्नो वर्ग पक्षधरको लागि मर्न तयार हुने अवस्थाको माओवादी आन्दोलनमा देखा परेको थियो । त्यसकारण यस अनुसन्धानमा मार्क्सको द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तलाई अवलम्वन गर्न सकिन्छ ।

पोलिवियोस द्वन्द्वको प्रथम व्याख्याकारका रुपमा चिनिन्छ । उनले मानव समाजलाई द्वन्द्वको आधारमा व्याख्या गरेकाछन् । उनकाअनुसार “मानव समाज द्वन्द्वका कारण विध्वंश भएको थियो । द्वन्द्वबाट बचेकाहरुले सरकारको परिकल्पना गरे र राजतन्त्रको निर्माण भयो । राजतन्त्रले जब समाजमा न्याय र शान्ति दिन सकेन तब निरुकुंशतन्त्रले राजतन्त्रलाई हटाई आफू स्थापित भयो । निरंकुशतन्त्रले पनि आफ्नो कर्तव्य पुरा गर्न नसक्दा लोकतन्त्रको स्थापना भयो । यी सब द्वन्द्वले जन्माएको परिणाम हो ”(OCHAR, 2012)।

द्वन्द्वले मानिसको विचारले सिर्जना गर्छ, संसारमा हरेक विचार एक आपसमा अन्तरविरोधी छन् । विचारमा द्वन्द्व हुन्छ र त्यसको विरुद्ध प्रतिवाद हुन्छ र तिनीहरुबीच द्वन्द्व भएर संवादको सिर्जना हुन्छ । राज्यको सार्वभौमसत्ता शासक वर्गमा रहने शासक वर्ग अल्पसंख्यक हुने हुँदा अल्पसंख्यकले बहुसंख्यकलाई शोषण गर्छ र द्वन्द्व निरन्तर चलिरहन्छ । राजनैतिक दलहरुले द्वन्द्वलाई धेरै चर्काउँछन् । पूँजीपतिहरुले मजदुरहरुको श्रमको शोषण गर्छन्, उत्पादित वस्तुलाई बराबर भाग लगाउँदैनन् । पूँजीपति वर्गले मजदुर वर्गमाथि आफ्नो राजनैतिक तथा वैचारिक विचार र आदर्श लाद्न थाल्छन्, फलस्वरुप यी २ वर्गवीच सधै द्वन्द्व भइरहन्छ । राज्यको सार्वभौमसत्ता शासक वर्गमा रहने र शासक वर्ग अल्पसंख्यक हुने हुँदा अल्पसंख्यकले बहुसंख्यकलाई शोषण गर्छ र द्वन्द्व निरन्तर चलिरहन्छ । राजनैतिक दलहरुले द्वन्द्वलाई धेरै चर्काउँछन् । द्वन्द्वको खास कारण व्यक्तिगत चाहना भएको उनको

भनाई छ र यो जीवित प्राणीसँग प्राकृतिक रुपमै रहन्छ । आफ्नो कल्याणका लागि र समृद्धिका लागि सन्तान जन्माउने, पालन पोषण गर्ने, आत्मसुरक्षा गर्ने र रमाइलो गर्ने गर्दछ । यी कार्य गर्दा उसलाई अर्कोबाट बाधा भएको महसुस हुँदा सहकार्यकोभावना विर्सन्छ र द्वन्द्व सृजना हुन्छ (वैद्य, २०७३)।

त्यसैगरी फ्रान्ज ओपनहाइमरका अनुसार समाज एउटा जैविक तत्व जस्तै हो । राज्य एउटा कानुनद्वारा बाँधिएको हुन्छ । द्वन्द्वको मूल कारण समाजमा न्यायको समान वितरण नुहुनु हो । त्यहाँ खासमा २ तत्व छन्, पहिलो आर्थिक र दोश्रो राजनैतिक । आर्थिक समृद्धिमा अर्को समूहले बाधा पुऱ्याउँदा र कुनै व्यक्तिको दिमागमा शासन र विजयको महत्वकांक्षा जन्मदा द्वन्द्व हुन्छ ।

### २.१.२ माओवाद

माओका सम्पूर्ण सिद्धान्तहरु "जनता नै इतिहासका निर्माता हुन्" भन्ने महान् र वैज्ञानिक प्रस्तावनामा आधारित रहेको छ । माओले जनताको हित र भावना विरुद्ध जाने सेनाहरु सुरुमा जतिसुकै बलिया, आधुनिक हातहतियार र तालिम प्राप्त किन नहोउन्, तिनको हार अनिवार्य छ भने । जनताको पक्षधर शक्ति सुरुमा सैनिक हिसाबले जतिसुकै कमजोर किन नहोस् अन्ततः त्यसको विजय भइछाड्छ । रणनीतिक रुपमा साम्राज्यवादी र प्रतिक्रियावादीहरु सबै कागजी बाघ हुन् भन्ने कुरा चिनियाँ क्रान्तिको व्यवहारबाट प्रमाणित भएको छ । युद्धमा हतियार महत्वपूर्ण तत्व हो तर निर्णायक तत्व होइन । निर्णायक तत्व मानिसहरु हुन्, वस्तु होइनन् । जनयुद्धको सफलताको पूँजी नै जनतामा विश्वास गर्नुमा रहेको माओ बताउँछन् । उनले भनेका छन्, 'जनताप्रति उत्तरदायी बनौं, हाम्रा हरेक कुरा, हरेक कारबाहि, हरेक नीति जनताका हितअनुरुप हुनुपर्दछ । जनताप्रति उत्तरदायी बन्नुको अर्थ यही हो ।' जनतामा विश्वास गर्नु र पार्टीमा विश्वास गर्नु नै दुई मूलभूत सिद्धान्तहरु भएको माओको भनाई छ ।

माओले 'राजनैतिक सत्ताको जन्म बन्दुकको नालबाट हुन्छ" भन्ने घोषणा गरे । उनले भनेका छन्, 'युद्धको उद्देश्य स्थायी शान्तिको स्थापना गर्नु हो, क्रान्तिकारी युद्धद्वारा प्रतिक्रान्तिकारी युद्धहरुको अन्त र युद्धमा सक्रियतापूर्वक सहभागी भएर अन्ततः धरतीबाट नै

सबै प्रकारका युद्धहरुको उन्मूलन गर्न सकिन्छ । बन्दुकबाट छुटकारा पाउन बन्दुक नै उठाउनुपर्दछ, योभन्दा अर्को कुनै उपाय छैन' (राजन, २०६३) ।

### २.१.३. शहीद

निजी सम्पति र स्वार्थको परित्याग, सामूहिकताप्रति प्रतिबद्धता एवं उच्चतम त्याग र रक्तमुछेल इतिहास बोकेका शहीदहरुले देश एवम् व्यवस्थामा रुपान्तरण चाहेका हुन्छन् । जनताका समस्याका मुद्दा उठाउन सङ्घर्ष त्याग र बलिदानको इतिहास रहेको छ । शहीदहरुका अधुरा सपनाहरु पुरा गर्ने अभिभारा सम्वन्धित पार्टीका नेतार लक्षित जनताहरु निरन्तर प्रयासरत रहन्छन् । शहीदहरु परिवर्तनकारी आन्दोलनको मार्ग चित्रतयार गर्ने, न्याय र स्वतन्त्रताका प्रतिक एवं प्रेरणाका स्रोत र न्यायपूर्ण युद्धकर्ता हुन् । देशका निम्ति बलिदान दिने शहीदलाई बिर्सेर कुनै पनि देशको नवनिर्माण हुन सक्दैन । शहीदलाई सैद्धान्तिक रुपमा स्थापित नगरी नयाँ आधारहरु स्थापना गर्न सकिदैन शहीदले आत्मसात गरेको राजनैतिक सिद्धान्त र दर्शनलाई अवलम्वन गर्नु सम्वन्धित राजनैतिक पार्टिको कर्तव्य हो ।

नेपालको परिप्रेक्षमा शहीदको इतिहास अत्यन्त दुखद् किसिमको पाइन्छ । सचेतनापूर्वक वलिदान हुने शहीदहरु भ्रष्टाचारीहरुलाई सिंहदरवार पुऱ्याउने भऱ्याङ्ग बनेका छन् । कुनै व्यक्ति वा समूहका सम्पत्ति बनेका छन् । वर्तमान राजनैतिक सामाजिक क्षेत्रमा शहीद बेवारिसे अवस्थामा छन् । शहीदका त्याग तपस्याबाट विभिन्न तह र तप्का सत्तामा पुग्नेहरु शहीदले अङ्गीकार गरेको मूल समस्यालाई छोडेर चाकडी चाप्लुसीद्वारा व्यक्तिगत स्वार्थपूर्तिमा तल्लीन देखिन्छ । जनयुद्ध एवम् जनआन्दोलनलगायतका विभिन्न क्षेत्रकाशहीदहरुका सपना पुरा गर्न देशलाई सामन्तवादी परम्परा जन्जीरबाट मुक्त गरि आमूल परिवतन गर्न सरकारमा गएका सम्पूर्ण राजनैतिक पार्टिहरु शहीदको बलिदानको मूल्याङ्कन र सङ्घर्षलाई देश विकास र सामाजिक क्षेत्रमा परिवर्तन गरी उनीहरुको सम्मान गनुपर्दछ(पाण्डे २०६४) ।

हरेक देश र समाज परिबर्तनका प्रकृयाहरुबाट गुज्रिएका भएता पनि ती परिवर्तनहरु सहज हुँदैनन् । पुरानो सोच समझदारी र शक्तिसँग जुधेर शतिबाहिर परेकाहरुले परिबर्तनको प्रक्रियालाई सम्भव तुल्याउनु चानचुने विषय होइन । यस प्रक्रियामा भौतिक सत्ता र शक्ति भन्दा पनि नैतिक वल, सच्चा समर्पण र प्रस्ट दृष्टिकोण अत्यन्त आवश्यक हुन्छ । शहीद ति हुन् जसले परिवर्तनका लागि मृत्युपूर्व खुल्ला रुपमा बोकेका विचार र

आदर्श कालान्तरमा सहि प्रमाणित हुन्छन्। अनि पुरानो समाजको मान्यता र शक्तिलाई विस्थापित गर्दै नयाँ समाजको मूलधारको रुपमा स्थापित हुन आइपुग्छन् । शक्तिको त्रासले उनीहरुमा मृत्युको भय पैदा गर्दैन । २००६ मा नेपाल कम्युनिष्ट पार्टिको स्थापना भएपछि निरंकुश सत्ताको बिरुद्ध संगठित आन्दोलनरत बिद्रोह हुनथाल्यो । नेपाली जनतालाई विभेद, अन्याय अत्याचार र शोषण दमनबाट मुक्ति गर्ने उद्देश्यले गठित नेपाल कम्युनिष्ट पार्टी पछि विभिन्न चिरामा विभक्त हुन पुग्यो । २००८ मा भीमदत्त पन्तले किसान विद्रोह गर्दा त्यसलाई दमन गर्ननसकि नेपाली शासकले भारतीय सेनालाई गुहाऱ्यो र विदेशी सेना लगाए र भीमदत्त पन्त जस्ता किसान नेताको हत्या गरी विद्रोहलाई दमन गरियो । २०१७ मा निर्दलीय पञ्चायतव्यबस्था लागु गरियो । यसबीचमा झापा आन्दोलनलगायत थुप्रै आन्दोलन भए अन्ततः २०४६ सालको जनआन्दोलनले पञ्चायति व्यबस्थालाई ढलायो । २०५२ सालमा नेकपा (माओवादी)ले सशत्र जनयुद्धको घोषणा गऱ्यो ।

जसले मृत्युको परिभाषालाई जीवनशील पक्षसँग बुझेको हुन्छ । उनीहरु निडर हुने गर्दछन् । कायरहरु भौतिक रुपमा बाँचेर पनि मुर्दासरी बन्दा रहेछन् । गतिशील समयसँगै जीवनमा उकाली-ओरालीहरु उलटपलट भइरहन्छन् । बरु कठिनभन्दा कठिन समयमा पनि धैर्य गर्न सिक्नु पर्दोरहेछ । आखिर संसार त जिउनको लागि दुई पाखुरीबाहेक आफ्नो भन्न केही नभएका निशस्त्र श्रमजीवि वर्गको नै हो भन्ने कुरा संसारकै शक्तिशाली अणु बम र परमाणु बमको सामु पनि रत्तिभर नझुकी रुसमा समाजवादी क्रान्ति र चीनको नौलो जनवादी क्रान्तिको विजयले प्रमाणित गरिसकेका छन् । रुस र चिनका क्रान्तिकारीसँग न धनसम्पत्ति थियो, न त शिक्षा, न त आधुनिक हतियार नै थियो । साहस र वीरताले संसारको मै हुँ भन्ने आधुनिक साम्राज्यवादलाई घुँडा टेकाएरै छाडे । मृत्यु विजेता नेताहरुले संसार परिवर्तन गर्न सक्दछन् । वास्तविक जगतमा उभिएका वीर शहीदहरुको रगतसँगै इतिहासहरु निर्माण भएका छन्(महिला आन्दोलन, २०६०)।

## २.२ पूर्वसाहित्यको समिक्षा

### २.२.१ द्वन्द्वको परिचय

सामान्यतः द्वन्द्व भनेको हतियार सहित गरिएको सङ्घर्ष वा लडाईभन्ने बुझिन्छ । यसमा दुई वा दुई भन्दा बढि पक्ष हुन्छन् । उनीहरुका बीचमा कुनै विषयलाई लिएर कुरा नमिलेका कारण विवाद उत्पन्न भएको हुन्छ र यस्तो स्थिति पैदा हुन जान्छ ।

“कसैले हातहतियार प्रयोग गरी नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गर्ने वा नेपाल राज्यको सत्ता पल्टाउने वा नेपाल राज्यको कार्य सञ्चालनमा बाधा विरोध उत्पन्न गर्ने उद्देश्यले गर्ने कार्य हो” ( सशस्त्र प्रहरी बल ऐन, २०५८) ।

“दुई वा त्यसभन्दा बढी व्यक्ति, दल वा शक्तिका बीचमा हुने प्रतिस्पर्धा टक्कर, कुनै विकट परिस्थितिबाट बच्न वा मौलिकहकको संरक्षणका निम्ति गरिने सामूहिक विद्रोहको प्रयास हो” (नेपाल बृहद शब्दकोष, प्रज्ञा प्रतिष्ठान) ।

सशस्त्र विद्रोह वा द्वन्द्व कलह, झगडा, लडाई, संघर्ष, युद्ध जे भने पनि सामान्य पर्यायवाची शब्दका रुपमा प्रयोग गर्ने गरेको पाइन्छ र यसमा दुई वा सो भन्दा बढी पक्ष एवम् पार्टी र सरकारका बिच वा अर्को कुनै पक्ष वा दलसँग हुने गरेको पाइन्छ र यसमा दुई वा सोभन्दा बढी पक्ष एवम् पार्टी र सरकारका बीच वा अर्को कुनै पक्ष वा दलसँग हुने गरेको संघर्षलाई नै बुझिन्छ । तैपनि विशेषतः सशस्त्र विद्रोह भनेको राज्यका बिरुद्धमा सञ्चालित गरिएको हुन्छ, जसमा राज्य प्रतिरोध हो र यसमा राज्यसत्ताका बिरुद्धमा गरिएको बिरोध हो जुन राज्य व्यवस्थाकाबिरुद्ध लक्षित हुन्छ र राज्यव्यवस्था नै परिवर्तन गर्ने लक्ष्य र उद्देश्यबाट यो अभिप्रेरित भई सुरु गरिएको हुन्छ । सामान्यतया यसमा हातहतियारसहित राज्यव्यवस्थाका बिरुद्धमा गर्ने लक्ष्य र उद्देश्यबाट संघर्ष शुरु भएको हुन्छ र यो विद्रोह मौजुदा राज्य व्यवस्था अर्थात् राज्यसत्ताको परिवर्तनका लागि नै गरिन्छ ।

केहि वर्षदेखि नेपालमा सर्वाधिक चलनचल्तीको शब्द हो ।‘द्वन्द्व’शब्द सशस्त्र द्वन्द्व हुनु अगाडिसम्म सिमित मात्रामा मात्र प्रयोग हुने यो शब्द अहिले व्यापक भएको छ । त्यसकारण द्वन्द्व शब्द माओवादी विद्रोहको पयार्यबाची शब्दको रुपमा प्रयोग भएको छ । तर द्वन्द्वको अर्थ सशस्त्र युद्धमा मात्र सीमित राख्नु हुँदैन सशस्त्र युद्ध त द्वन्द्वको एउटा हिंसात्मक रुप मात्र हो । यथार्थमा के हो त द्वन्द्व ? द्वन्द्व भनेको व्यक्ति वा समूहरुबचीचमा हुने सांस्कृतिक, सामाजिक, राजनैतिक र आर्थिक स्वार्थ तथा दृष्टिकोण र बुझाइमा देखिएको भिन्नताका कारण सिर्जित अवस्था हो । कार्लमार्क्सले द्वन्द्व समाजमा निहित शक्ति र स्रोत आफ्नो पक्षमा पार्ने मानसिकताबाट सिर्जित अवस्था हो भनेका छन् । यहि वर्गीय अवधारणामा उनले विश्वव्यापी सिद्धान्तकै प्रतिपादन समेत गरेका छन् । समाजशास्त्री र द्वन्द्वविदहरु द्वन्द्वलाई परिभाषित गर्दै भन्दछन् ‘द्वन्द्व त्यस्तो अवस्था हो जहाँ व्यक्ति वा समूहहरु आपसमा बाझिने

वा अमिल्दा उद्देश्यहरु, मूल्यमान्यता र चाहनाबाट निर्देशित भई सोहिअनुरुप आचरण गर्दछन् । जुन अर्को पक्षलाई वा व्यक्तिलाई मान्य हुँदैन । द्वन्द्व सिर्जना हुने कारणहरुमा मानिसको पहुँच र नियन्त्रणको बढ्दो महत्वकांक्षा र अत्याचार रहेका हुन्छन् । त्यसकारण द्वन्द्व समाजको अभिन्न अङ्ग हो र यो समाज रहेसम्म रहिरहन्छ । मानिसहरु रहेसम्म रहिरहन्छन् "तर द्वन्दको अवस्था र स्वरुप भने फरक हुने गर्दछ" (उप्रेती, २०६२) ।

सबै प्रकारका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक र वैचारिक विभेदहरु द्वन्द्वको उत्पत्ति विकास र विस्तारका आधारभूत कारणहरु हुन् । द्वन्द्व विज्ञानको स्थापित मान्यता पनि यसैमा आधारित छ । यसमा केहि व्यक्तिहरुको महत्वकांक्षा थपिदा द्वन्द्व भड्किन पुग्छ । व्यक्तिभित्र पनि विभिन्न सोच र विचारहरु सिर्जना भएका हुन्छन् र यसले नै मानिसको विकास र समाजको रुपान्तरणमा सहयोग पुऱ्याएको हुन्छ । यहि विचार र सोचका कारण समाजमा द्वन्द्व उत्पादन हुन्छ । त्यसैले द्वन्द्वको अदिसात्मक स्वरुप पनि हुन्छ । हामीले समाजमा देख्ने गरेका स्वस्थ्य प्रतिस्पर्धा, नैतिक अडान, अहिंसात्मक आन्दोलन पनि द्वन्द्वकै रुप हुन् । जुन समाज विकासको लागि अपरिहार्य छन् । त्यसैले नै द्वन्द्वविदहरु द्वन्द्वलाई सधैं खराव मात्र नमानि समाज विकास र व्यक्तिको जीवनलाई व्यवस्थित गर्ने अवसरको रुपमा समेत हेर्दछन् ।

### २.२.२. **समाज र द्वन्द्वको सम्बन्ध**

द्वन्द्व समाजको अभिन्न अङ्ग हो र यो समाज रहेसम्म रहिरहन्छ । द्वन्द्वलाई समाजबाट पूर्ण रुपमा छुट्याउन सकिन्न । समाजको संरचना, मूल्यमान्यता, समाजका सदस्यको चालचलन र बानि व्यहोराले द्वन्द्वलाई प्रभाव पारिरहेको हुन्छ । द्वन्द्व जीवन हो र जीवन द्वन्द्व हो ।

एकथरीको विश्लेषणमा द्वन्द्व भनेको खराब हो यसले समाजलाई हानि पुऱ्याउँछ । यो सद्भाव वा शान्तिको उल्टो अवस्था वा अशान्तिको रुपमा हो भन्ने तर्क राख्दछन् । उनीहरुको विचारमा द्वन्द्वलाई बल, कानुन वा अन्य उपायद्वारा दवाउनु नै समाजको लागि बढी उपयोगी हुन्छ । उनीहरु द्वन्द्वको सकारात्मक र यसले समाज परिवर्तमा दिन सक्ने सम्भाव्य योगदानको बारेमा विश्वास राख्दैनन् । यस धारणामा राख्ने जमात ठूलो छ । यो अलि एकाङ्गी र रुढीवादी खालको अवधारणा हो ।

अर्काथरी विश्लेषणात्मक द्वन्द्वको खासखास रुप र अवस्था मात्र खराव हुन्छ तर द्वन्द्व आफैँमा खराब मात्र हुँदैन र द्वन्द्वको समाज विकास र रुपान्तरणमा अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ भन्ने मान्यता राख्दछन् । यो अवधारणा यथार्थपरक, पूर्ण र समसामयिक छ । यस वर्गका द्वन्द्वविदहरु द्वन्द्व अध्ययन देखिने शक्तिको भूमिका र यसको उत्पादन र वितरणको स्थितिलाई केलाई द्वन्द्वमा संलग्न भएका परिवारहरुको बारेमा समग्र परिस्थितिको विश्लेषण प्रतिष्पर्धा पनि द्वन्द्वकै एउटा रुप हो । द्वन्द्वले कुनै प्रणालीमा सुधार ल्याउन समेत मद्दत गर्दछ (उप्रेती : २०६२) ।

### २.२.३ द्वन्द्वका कारणहरु

हरेक व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहबाट नकारात्मक असर पुऱ्याएको महसुस गरेपछि द्वन्द्वको विजारोपण हुन्छ । इच्छा र चाहनामा भिन्नता अरुको व्यवहार र आफ्नो व्यवहारमा देखिएको फरकपन, शक्तिको प्रयोगमा देखिने अन्यायपूर्ण विविधताजस्ता मनोगत कारणहरु र असमान सामाजिक, आर्थिक स्थिति र तिनिहरुले सिर्जना गरेका कठिनाईहरु धार्मिक अतिवाद, बाह्य शक्तिको प्रभाव र शासकहरुको असफलता जस्ता संरचनागत कारणहरुले सिर्जना गर्दछन् ।

### २.२.४ राजनैतिक कारण

माओका अनुसार राजनीति भनेको रक्तपातविहिन युद्ध हो भने युद्ध भनेको रक्तपातपूर्ण राजनीति हो । राजनैतिक प्रणालीमा निश्चित व्यक्ति वा समूहको लामो समयसम्म एकछत्र बोलवाला रहिरहनु र समाजमा रहेका अन्य महत्वपूर्ण वर्गलाई उपेक्षा गरेको अवस्थामा द्वन्द्व सिर्जना गर्ने पृष्ठभुमि तयार हुन्छ ।

राजनीतिज्ञ र राजनैतिक पार्टीहरु राज्यमा व्याप्त अन्याय, अत्याचार, असमानता, भेदभाव र गरिवी निवारणमा जुट्नुको सट्टा पार्टीगत र व्यक्तिगत स्वार्थमा सीमित रहने, भ्रष्टाचारलाई संस्थागत गर्ने, आफ्नो पार्टीको राजनैतिक अडानलाई नमान्ने नागरिकलाई राज्यको संरचना र पार्टी संरचनाको दुरुपयोग गरी दुःख दिने, सताउने राज्यको कोष तथा श्रोतहरु गैरकानुनी तरिकाले दुरुपयोग गर्ने, राजनैतिक कार्यकर्तालाई क्षमता र योग्यता बिना नै राजनैतिक नियुक्ति गर्नेजस्ता विकृतिहरुले नेपाली जनतामा व्यापक नैरास्य छाएपछि द्वन्द्व र विद्रोहको विकास र विस्तार भयो । यसका प्रष्ट उदाहरणहरु ३० वर्षे पञ्चायती

शासनकालमा विकास र विस्तार भएका राजनैतिक अराजकता र त्यसपछिको १४ वर्षे बहुदलिय शासन प्रणालीमा देखिएका विकृतिहरु हुन् ।

दलित आदिवासी जनजाति, दुर्गम क्षेत्रका नेपालीहरुलाई राज्यले सयौ वर्षसम्म पनि दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरेको कारणले उनीहरुमा "देश मेरो हो, राज्य हैन" भन्ने भावनाको गहिरो विकास भयो र यस्तो भावनाको सम्बोधन नभएसम्म नेपालमा द्वन्द्व कायम रहिरहन्छ ।

### २.२.५ सामाजिक तथा आर्थिक कारणहरु

द्वन्द्व सिर्जना गर्ने संरचनागत र प्रणालीगत कारणहरुमा सामाजिक कारणहरु अति महत्वपूर्ण रहेका हुन्छन् । समाजमा कमजोर वर्गलाई सामाजिक, आर्थिक र राजनैतिक मूल प्रवाहबाट बाहिर राख्ने अवस्था रुढिवादी शक्तिमा आधारित सामाजिक संरचना जस्तै, वर्ण व्यवस्थामा आधारित हिन्दु जातीय प्रणाली र यसले पैदा गरेको गहिरो असमानता छुवाछुत, भेदभाव, श्रोतमाथि नियन्त्रण र वितरण प्रणालीमा रहेको कहालीलाग्दो असमानता, समाजमा रहेका अति बहुसंख्यक जनताहरुको उत्पादनमूलकश्रोतमाथिको पहुँच नहुनु र यसले सर्वसाधारण जनताको जनजिवनमा पुऱ्याएको नकारात्मक प्रभाव, सामाजिक कुरिती जस्तै छुवाछुत, जातपात र लिङ्ग सम्बन्धि भेदभाव, समाजमा रहेको बेरोजगारी, अर्ध बेरोजगारी अवस्थाजस्ता कारणहरुले कुनै पनि देशमा ठूल्ठूला आन्दोलन र विद्रोहहरुको शुरुवात भएको देखिन्छ । नेपालमा भएको माओवादी विद्रोहको सुरुवात पछाडिका कारणहरुमध्ये एक प्रमुख कारण सामाजिक-आर्थिक असमानता र यसले जन्माएको नैराश्यता हो ।

### २.२.६ द्वन्द्वका परिणामहरु

द्वन्द्व नकारात्मक मात्र हुँदैन । खासगरी अहिंसात्मक द्वन्द्वले र कहिलेकाही हिंसात्मक द्वन्द्वले समेत समाज परिवर्तनमा महत्वपूर्ण सकारात्मक प्रभाव पारेको हुन्छ । द्वन्द्वले ल्याउने नकारात्मक परिणामका केहि उदाहरणहरु निम्न रहेका छन् :

### २.२.७ नकारात्मक परिणामहरु

- समय, स्रोत र शक्तिको दुरुपयोग हुन्छ र उत्पादनमा ह्रास आउँछ ।
- तिब्र मानसिक असन्तुलन देखापर्छ ।

- सहअस्तित्व, समझदारी र विश्वासको वातावरण टुट्छ ।
- राजनीतिक, आर्थिक र सामाजिक संरचनाहरु विस्तारै कमजोर हुँदै जान्छन् ।
- एकअर्कामा सहयोग र विश्वासको भावना हराउँदै जान्छ । आदि ।

### २.२.८ सकारात्मक परिणामहरु

- सयौँ वर्षदेखिको असमान सामाजिक संरचना फेर्न मद्दत गर्दछ ।
- द्वन्द्वरत पक्षहरुको एकआपसका कमीकमजोरी आत्मसमीक्षा गर्न थाल्दछन् ।
- व्यक्ति र समूहमा सशक्तिकरण गर्न मद्दत पुऱ्याउँदछ र अधिकारको खोजीमा मानिसलाई सक्रिय बनाउँदछ ।
- समय र परिवेशअनुसार नेतृत्वको विकास हुन्छ ।
- नयाँ सम्बन्ध सम्पर्क विकास र विस्तार हुन्छ ।
- अस्पष्ट सवालहरुलाई प्रष्ट्याउँदछ ।
- मानिसमा भएको क्षमताको प्रस्फुटन र सिर्जनशीलताको विकास गर्न मद्दत गर्दछ । (इन्सेक, २०६६) ।

नेपालमा भएको सशस्त्र द्वन्द्व अगाडी द्वन्द्वसँग सम्बन्धित थोरै मात्र अध्ययन अनुसन्धानहरु भएका थिए तर माओवादीले २०५२ सालमा सशस्त्र युद्ध घोषणा गरेपछि नेपालमा द्वन्द्वका बारेमा बुझ्न धेरैलाई चाख हुन थाल्यो । युद्धकालमा यसको कारण तथा परिणामलाई बुझ्ने धेरै अनुसन्धान र बहस भएका छन् ।

देशमा जनयुद्धको सशस्त्र रुप उत्कर्षमा पुग्यो ।मुलुकमा संकटकाल लागेपछि यातायात र आवागमनको कमीले गर्दा अस्पतालहरुमा आम बिरामीहरुले संख्या घटेको छ । तर मानसिक रोगका बिरामीहरु बढेका छन् । त्रि.बि.शिक्षण अस्पतालको मानसिक रोग विभागमा जचाउन आउने बहिरंग बिरामीहरुको संख्या १३ बर्षअघि २०४६ सालमा करिब २५०० जना थियो । माओवादीहरुले जनयुद्ध शुरु गरेको वर्ष २०५२ मा ३५०० रहेको मानसिक रोगीहरुको संख्या त्यसपछि क्रमशः बढ्दै २०५८ मा ४८०० पुग्यो । उक्त विभागल २०५९ को पहिलो तीन महिनामै १५०० बिरामीको उपचार गरिसकेको छ ।

नेपालको जनयुद्ध राज्यको असफलता तथा अविकसित अवस्थाको प्रत्युत्पादक हो । युद्धको समाधान सैन्य तरिकामा छैन । माओवादीले चाहेजस्तो सत्ता कब्जा नेपालकै उच्च वर्ग तथा अन्तराष्ट्रिय समुदायको लागि पाच्य छैन । नेपालको समस्यामा सरोकार राख्ने अन्तर्राष्ट्रिय समुदाय भनेका अमेरिका, ब्रिटिस, केही युरोपियन देशहरु, भारत र चीन हुनेछन्

,

बहुसंख्यक जाति भाषा र संस्कृतिका विरुद्ध असहिष्णुता प्रकट हुँदै जानुले विस्तारै सामाजिक द्वन्द्वको स्थिति आउनु स्वाभाविक थियो । विगतको नियन्त्रणका कारण बाहिर आउन नसकेको त्यो असन्तुष्टि २०४६ सालको जनआन्दोलन पश्चात् खुला प्रजातान्त्रिक समाजमा निकै चर्को हिसाबले सतहमा देखा पर्‍यो । माओवादी पार्टीको जातीय नीति सम्बन्धी प्रस्तावनामा “हिन्दु धर्म, खस भाषा र हिन्दु संस्कृतिलाई मात्र विशेषाधिकार दिएर अन्य भाषा संस्कृतिलाई लोप गराउँदै जानु आदि प्रमुख समस्या भएको” उल्लेख हुनुले माओवादी युद्धमा जनजातिलाई आकर्षित गरेकोछ । द्वन्द्व भएका देशमा शान्ति तत्काल स्थापना हुन सक्दैन किनभने संक्रमणकालिन समयको फाइदा लिएर त्यहाँ एउटा समूहले हिंसा गरिरहेको हुन्छ, शान्तिको प्रतिरोध गरिरहेको हुन्छ । त्यस्तो समूहको चाहना आर्थिक फाइदासँग जोडिएको हुन्छ ।

दलित, आदिवासी जनजाति तथा महिलाहरुलाई माओवादीहरुले सरकारी पक्ष तथा अन्य पार्टीको भनि मार्ने काम भएको छ भने उता सरकारी सुरक्षाकर्मीहरुले पनि ती व्यक्तिहरुलाई माओवादीको आशंकामा मार्ने गरेको छ । दलितहरुलाई माओवादीहरुले आफ्नो हतियार बनाउन र मर्मत तथा पोषाक सिलाउन सशुल्क वा निशुल्क दवाव दिने र उता सरकारले तिनीहरुको काम गरेको भनि माओवादीको आरोपमा यातना दिने काम गरेको छ । त्यसैले धेरै दलितहरुले आफ्नो परम्परागत पेशा छाडेर अन्त बसाई सर्न बाध्य भएका छन् ।नेपालमा सबै आन्तरिक विस्थापितहरुको आधिकारिक दर्ता नहुनु, जनसंख्या विस्थापन भएको अनुगमन गर्ने निकाय नहुनु, सम्बन्धित निकायमा विस्थापित भएपछि जानकारी नगराउनु, दक्षिणतिरको सीमा खुला हुनु तथा सबै प्रकारका विस्थापितहरुको दर्ता राख्ने संस्था नहुनुका कारण विस्थापितहरुको सहि संख्या निकाल्न समस्या भइरहेको छ ।

द्वन्द्वको यही अवस्था रहिरहने हो भने नेपाल असफल राज्य हुने कुरा धेरै टाढा छैन । देशमा द्वैध सेना छ, राज्यले यथोचित राजश्व संकलन गर्न सकिरहेको छैन । सुरक्षा स्थिति

भन् खराव भएको छ । यसले असफल राज्यलाई इंगित गरिरहेकोछ । देश असफल राज्य घोषणा भएपछि देशमा अन्तराष्ट्रिय हस्तक्षेप सजिलै हुने छ यस्तो अवस्था देशको लागि अत्यन्त दुर्भाग्यपूर्ण हुने छ, पीडादायिक हुने छ । यसखाले दुर्भाग्यपूर्ण समय आउन नदिन अल्पकालीन तथा दिर्घकालीन द्वन्द्व न्युनिकरण गर्ने नीति र रणनीति बनाउन आवश्यक छ । पहिलो चरणमा सन् १९९५ मा माओवादीले रोल्पा र रुकुम जिल्लाका गाउँ-गाउँमा सिज सांस्कृतिक अभियान मार्फत जनतालाई अन्याय र असमानताका विरुद्धमा आवाज उठाउन अभियान चलायो, त्यही ठाउँबाट सशस्त्र जनयुद्धको पनि शुभारम्भ गऱ्यो ।

द्वन्द्वका कारण भइरहने बन्द, हडताल र धम्कीहरुले शिक्षण संस्था, क्याम्पस र विश्वविद्यालयहरु प्रत्यक्ष प्रभावित भएका छन् । धेरै वालवालिकाहरु शिक्षा आर्जन गर्नबाट बन्चित भएका छन् केही अभिभावकहरु मात्र आफ्नो वालवालिकाहरुलाई पढाउन विदेश पठाउन सकेका छन् । सामाजिक असुरक्षा र नैराश्यता दिनानुदिन वृद्धि भइरहेको छ । दुर्गम क्षेत्रमा मानिसहरुको आधारभूत आवश्यकताहरुः खाद्यान्न, औषधी तथा लुगालत्ताहरु पाउन बन्चित भएका छन् । सरकारले ती मानिसहरुलाई दुर्गम क्षेत्रमा आधारभूत आवश्यकताका वस्तुहरु आपूर्ति गर्न सकिरहेको छैन । द्वन्द्वले नेपालीहरुको दैनिक जनजीवनलाई प्रत्यक्ष नकारात्मक प्रभाव पारिरहेकोछ ।

सामाजिक, आर्थिक, भौगोलिक र मनोवैज्ञानिक तथा बाह्य कारणले नेपालको आन्तरिक द्वन्द्वलाई वृद्धि हुन सहयोग गरिरहेको छ । हामी आर्थिक सामाजिक प्रणालीको सुधार गरी दीगो विकास गर्नु पर्छ ।आजभोलि जल्दोबल्दोसमस्याको रुपमा रहेको आन्तरिक द्वन्द्वको मुख्य कारण पहिल्याउन सकिएको छैन । जसले कानुनी शासनको असफलतालाई इंगित गरिरहेको छ । माओवादी र सरकारबीच भइरहेको सशस्त्र द्वन्द्वका कारण मानिसहरु जबरजस्ती आफ्नो ठाउँथलो छोडी विस्थापित हुने अवस्था छ । उनीहरुले आफ्नो ठाउँमा धेरै समस्या भोगिरहेका छन्: आर्थिक संकट, खाद्यान्न अभाव, स्वास्थ्य सुविधाबाट बञ्चित, हिडडुलमा समस्या, परम्परा र संस्कृति अनुसरन गर्दा धम्की, संचारको अभाव तथा उचित शिक्षाको समस्या छ । यसका साथै आफन्तहरुको हत्या, द्वन्द्वरत पार्टीमा सहभागी हुन जबरजस्ती, कुटाई, बन्धक, अपहरण जस्ता अमानवीय कार्यले विस्थापित भएका छन् ।

आज संसारका धेरै मुलुक द्वन्द्वबाट ग्रसित छन् । विशेषगरी अविकसित अथवा श्रोत र साधन कम भएका देशहरुमा द्वन्द्व चलिरहेको छ । सन् २००३ मा प्राप्त तथ्यांक अनुसार

उक्त समयमा २८ वटा देशमा ३६ वटा सशस्त्र द्वन्द्व चलिरहेको थियो । अफ्रिकामा १४, एसीयामा ८, युरोपमा २, ल्याटिन अमेरिकामा १ र मध्यपूर्वमा ३ वटा द्वन्द्व चलिरहेको थियो । ती ३६ वटा द्वन्द्वमध्ये २३ वटा द्वन्द्व १० वर्ष भन्दा पहिलेदेखि चलिरहेका थिए अर्थात ती १० वर्ष पुराना थिए ।नेपालले विगत १० वर्ष लामो समय आन्तरिक सशस्त्र द्वन्द्वको भयानक स्थितिको सामाना गऱ्यो । नेपाल कम्न्यिुष्ट पार्टी माओवादीले २०५२ सालमा भूमिसुधारदेखि शासन सुधारसम्मका कुरा समेट्दै ४० सुत्रीय माग तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारलाई राखेपछि उक्त मागको वेवास्ता गरेको भन्दै माओवादी पार्टीले समय सकिन ३ दिन बाँकी हुँदै रोल्पा जिल्लाको पश्चिम दक्षिणमा रहेको होलेरी प्रहरी चौकी र रुकुम जिल्लाको थिब्सीकोट प्रहरी चौकी आक्रमण गरी जनयुद्धको घोषणा गऱ्यो (इन्सेक, २००७) ।

१० वर्षसम्म नेपालमा चलेको द्वन्द्व सशस्त्र द्वन्द्व हो । सशस्त्र द्वन्द्वबाट १३५०० मानिस मारिएका थिए, ती मध्ये राज्यबाट ६३% र माओवादीबाट ३७% मानिस मारिएका थिए । सशस्त्र द्वन्द्वले गर्दा १३०० भन्दा वढी नागरिक अझै वेपत्ता छन्, आफ्ना परिवारजन अझै आशा गर्दैछन् ऊ आउँछ कि भनेर । माओवादीले संचालन गरेको हिंसात्मक द्वन्द्वले नेपाली समाजमा सकारात्मक र नकारात्मक दुवै खाले परिवर्तन ल्याएको छ । केही परिवर्तनहरु स्पष्ट छन् भने केही संस्थागत हुने प्रक्रियामा छन् (रोय, २०६५) ।

छोरीलाई सामुदायीक र छोरालाई वोर्डीङ स्कुल पठाउने, उमेर नै नपुगी विहे गरिरदिने र जति वढी छोरी भए पनि एउटा छोरा चाहिन्छ भन्ने सामाजीक मान्यता परिवर्तनको चरणमा रहेको लामो समय बितिसकेको छ ।

सात सालको जनआन्दोलनको समग्र घटना क्रमलाई हेर्दा के देखिन्छ भने यही नेपाली कांग्रेसले सत्ता स्वार्थीको लागी राजा, राणा र भारतपरस्तनबनेको भए नेपाली धर्तीबाट २००७ सालमा नै राणातन्त्रको साथसाथै राजतन्त्र पनि ढल्ने थियो र त्यतिबेलै नेपाल गणतन्त्रको नयाँ युगमा प्रवेश गर्ने थियो । त्यसैलाई समाजशास्त्रीय ढङ्गले हेर्दा के देखिन्छ भने वि.पी कोइरालाको व्राह्मणवादी सोचका कारणले उनले राजतन्त्र ढलाएर त्यसको ठाउँमा गणतन्त्र नेपालको राष्ट्रपति भएर आफैँले प्रत्यक्ष शासन गर्ने बारेमा आँट्न सकेनन् । बरु आफू राजा अगाडी सारेर आफूले सासन गर्ने उनको चाहना र पदच्युत भइसकेको तत्कालीन राजा त्रिभुवन स्वयम् आफ्नो पहल कदमीमा मात्र प्रत्यक्ष शासनमा

आउन सम्भवभएकाले शिखण्डीका रुपमा कुनै एउटा पात्रको आवश्यकता ठानेर वि.पी कोइरालालाई अगाडी सारेको देखिन्छ ।

जव जनआन्दोलन ऐतिहासीक र निर्णायक अवस्थामा पुग्यो, तव आन्तरीक रुपमा यो दुई स्वघोषीत प्रजातन्त्रवादीहरुले निजी समस्या तथा तत्कालीन शक्ती सन्तुलन र भारतीय विस्तारवादको हस्तक्षेपको परिणाम स्वरुप र शाही, राजाशाही र नेपाली काङ्ग्रेसको बीचमा जनविरोधी त्रिपक्षीय दिल्लीसम्झौता भयो जसमा भारतको भूमिकालाईसमेत जोड्दा त्यो चौपक्षीय हुन पुग्यो । देशको राष्ट्र प्रमुखको रुपमा रहेका राजा आफैं भागेर भारतमा शरणार्थी बन्न पुग्नुले भारतीय हस्तक्षेप निर्णायक रुपले निम्त्याउन थप बल पुग्यो । त्यतिबेलाको अर्को दुःखद कुरा के छ भने भारतीय हस्तक्षेपका कारणले वि.पी. कोइराला र त्रिभुवन शाहको चाहनाविपरीत वि.पीलाई नभएर राणाकालीन प्रधानमन्त्री मोहन समशेरलाई नै प्रधानमन्त्रीका रुपमा निरन्तरता दिएको थियो । आन्दोलनरत नेपाल कम्युनिष्ट पार्टी र आम जनताले त्यो तथाकथित दिल्ली सम्झौताविरुद्ध विद्यार्थी नेता चिनकाजी श्रेष्ठसहित कयौ योद्धाहरुले मृत्युवरण गरे (श्रेष्ठ, २०७४) ।

यो २०३६ सालको प्रसंग हो । पाकीस्तानका जननिर्वाचित प्रधानमन्त्री जुल्फिकर अलि भुट्टीलाई अपदस्त गरी सैनिक शासनले मृत्युदण्ड सुनायो । त्यसको विरोधमा नेपाल विद्यार्थी आन्दोलन चर्कियो । पाकिस्तानी दुतावासमा विरोधपत्र बुझाउन गएका विद्यार्थीहरु कुटिए । अस्कल होस्टल अगाडी रहेको एक होटलको पर्खाल नाघेर कम्पाउण्डभित्र भाग्न खोज्दा विद्यार्थीहरुले प्रहरीको लाठ्ठी खानुपर्‍यो । अर्को दिन प्रहरी ज्यादती, घाइतेहरुको उपचार र गिरफ्तार विद्यार्थीहरुले माग राखेर आन्दोलन सुरु गरे । विस्तारै आन्दोलन सशक्त हुँदै गयो र पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन देशैभरी फैलँदै गयो । परिणामतः २०३६ जेठ १० गते शाही घोषणा मार्फत जनमत संग्रहको घोषणा भयो । सुधारिएको पञ्चायती व्यवस्था र बहुदलीय शाशन प्रणालीबीच जनमत संग्रह गराउने घोषणा सरकारले गर्‍यो । जनमत घोषणापछि विद्यार्थी आन्दोलन स्थगित भयो ।

२०३६ सालको विद्यार्थी आन्दोलन काठमाडौंमा मात्रै होइन, आन्दोलनले देशव्यापी रुप लियो । त्यही सिलसिलामा काठमाडौंमा अस्कल काण्ड भयो । प्रहरीले विद्यार्थीको घडी खोस्ने, कसैले रेडीयो खोस्ने, कापीकिताब च्यातिदिने गर्न थाले । विद्यार्थीलाई लखेट्दै लखेट्दै छतमा पुर्‍याउने र त्यहाँबाट तल खसाल्ने काम समेत भयो । पञ्चायतको कुरुप अनुहार अस्कल क्याम्पसमा देखिएको थियो । मल्ल होटलमा बसेका विदेशीहरुले फोटो खिचेर ति

विदेशी पत्रकारहरु भएकाले ति तस्वीरहरु समचार संसारभरी फैलीन थाल्यो । त्यो खवर वि.पी कोइरालाले पनि थाहा पाए । त्यो घटनालाई लिएर विद्यार्थीहरुको आक्रोश सडकमा पोखिन थाल्यो । जनकपुरमा पनि वृहत आन्दोलन भयो । नेपाली काँग्रेसका हजारौँ कार्यकर्ता पक्राउ परे । दमनविरुद्ध आन्दोलन अगाडी वढाउन केन्द्रिय संघर्ष समिती बन्यो । वामपन्थी विद्यार्थी तर्फबाट अर्को समिति बन्यो । नेविसंघका तत्कालीन अध्यक्ष शेरबहादुर देउवा, रामचन्द्र पौडेल, राजेन्द्र खरेलहरु पक्राउ परे । त्यसैगरी नेपालबाट एसोसिसनका वकिल पनी दमनमा परे । प्रहरीको ज्यादती बढ्दै गयो र आन्दोलन देशव्यापी हुन पुग्यो । आन्दोलनलाई प्रहरीले नियन्त्रण लिन नसकेपछि तत्कालीन राजा विरेन्द्रले ज्याजती छानविन गन काम गरियो र आन्दोलनले शान्तिपूर्ण मोड लियो तर विभिन्न षड्यन्त्रहरु गरेर कसैलाई वदनाम गराउने काम गरियो र आन्दोलन फेरी आक्रमक बन्दै गरियो । आन्दोलनको क्रममा वि.पी गणेशमान, कृष्णप्रसाद लगाएतका नेताहरु निवासमा नै नजरवन्दमा थिए । त्यतिबेला जव राजा विरेन्द्रले जनमत संग्रहको घोषणा गरे, नजरबन्दमा थुनिएका हजारौ कार्यकर्ता, विद्यार्थी सबैलाई रिहा गरियो । काँग्रेसका नेताहरुले निर्वाचनको घोषणालाई स्वागत गरे भने कम्युनिष्ट पार्टीका नेताहरु धोका हो भनेर मनमोहन अधिकारीसहितका नेताहरुले बहुदलको पक्षमा प्रचारमा लागेका थिए भने पछाडी अहिलेको एमाले त्यतिबेलाको माले पनि निर्वाचनमा सहभागी भएको पाइन्छ । कुनै पनि दमन, जनताको अधिकार कटौती, शोषणजस्ता घटना बढेसँगै त्यसको विरुद्धमा गरिएको आन्दोलनमध्येको एउटा आन्दोलन थियो । २०३६ सालको विद्यार्थी आन्दोलन जसले पञ्चायती व्यवस्थाको अन्त्य गरेको थियो ।

नेपालको जनआन्दोलन २०४६ नेपालमा बहुदलीय व्यवस्थाको लागि भएको थियो । जसले नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी सवैधानीक राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको सुरुवात गरेको थियो । यो जनआन्दोलनमा विभिन्न राजनैतिक दलहरु बहुदलीय व्यवस्था को पुनर्वहलाी गर्नो र पञ्चायती सरकारको विरुद्ध सडकमा उत्रिएका थिए । नेपाली काग्रेसले नेत्रित्व गरेको यस आम्दोलनमा विभिन्न कम्युनिष्ट पार्टीहरुको समुह संयुक्त वाम मोर्चा बनाएर आन्दोलनमा उत्रिएका थिए ५० दिन सम्म चलेको यो आन्दोलनमा तत्कालीन पञ्चायती शासकहरुले वर्वरता पुर्वक दमन गरेका थिए । यस आन्दोलनमा समर्पण प्रजातन्त्र वादी नेपालीहरुको ठुलो समर्पण रहेको थियो वि.स. २०४६ साल फाल्गुन ७ गते देखी चैत्र २६ गते सम्म  चलेको यस आन्दोलनमा विभिन्न राजनैतिक पार्टीका कार्यकर्ता तथा नेताहरु पक्राउ परेका थिए । राजा विरेन्द्रले नेपाली काग्रेसका

नेताहरुलाई सहमतीका लागि बोलाएका चित्र र सोही दिन भएको सम्झौता अनुसार निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनवाहाली भएको थियो । राजा विरेन्द्र ले राज्य भार लोकेन्द्र बहादुर चन्द्रको हातबाट वि.स २०४७ वैशाख ६ गते नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टाराई को अध्यक्षताको गठीत ११ सदस्यीय मन्त्रीपरिषद्लाई सुम्पिएका थिए । यो मन्त्रीपरिषद्लाई दैनिक प्रशासनको अतिरिक्त संविधान निर्माण तथा आमनिर्वाचन सम्पन्न गर्ने जिम्मा दिइएको थियो । २०४७ कार्तीक २३ गते शाही घोषणमार्फत नेपाल अधिराज्यको संविधान २०४६ जनसमक्ष ल्याएको थियो । यस संविधानले बहुदलिय प्रजातन्त्रको पुनस्थापनलाई वैधानिक मान्यता दिएको थियो ।

२४ चैत्र २०६२ लाई वर्तमान राज्य व्यवस्थाको जग मानिन्छ । त्यसैले पनि नेपालको इतिहासमा २४ चैतलाई ऐतिहासिक दिनका रुपमा लिइन्छ । जसले नेपाली जनताको संघर्ष र सम्झौताको गाथासँग साइनो राख्छ । २४ चैत ०६२ देखी सुरु भएको यो आन्दोलन १९ दिन चलेर ११ बैशाख ०६३ मा नेपालमा शक्तिशाली राजनैतिक आन्दोलन भएको थियो । गणतन्त्रका निम्ति राजनीतिक पार्टीले २४ चैत देखि जनआन्दोलन सुरु गरे । राज्य संरचनाले नसेमेटेको र विभेदमा परेको वर्ग, जाति, भाषा, लिङ्गको राजनीतिक अधिकार सुनिश्चित गर्ने नारा थियो । संसदवादी दल र नागरीक समाज अगुवाईमा भएको आन्दोलनमा तत्कालीन (विद्रोही) माओवादीले २०६२ चैत २४ देखि २०६३ बैशाख ११ गतेसम्म चलेको १९ दिने आन्दोलनले नेपालको २ सय ३७ वर्ष पुरानो राजतन्त्र ढालेर देशमा लोकतान्त्रिक गणतन्त्रको जग बसाल्यो । त्यो १९ दिने आन्दोलनमा २५ जना वीरबीरंगनालाई गुमायो । हजारौ घाइते भए त्यही विचमा आन्दोलनरत माओवादी र सरकारबीच विस्तृत शान्तिसम्झौता सम्पन्न भयो । नेपालको आन्तरिक संविधान २०६३ निर्माण भयो। नेपालको अन्तरिम संविधान २०६३ निर्माण भयो र माओवादी समेत सम्मिलित भई आन्तरिक व्यवस्थापिका संसदको निर्माण भयो । माओवादीसमेत सम्मिलित संयुक्त सरकार बन्यो र नेपालको भावी संविधान निर्माण गर्नका लागि संविधानसभाको निर्वाचन भयो । संविधान निर्माणपछिमुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको अभ्यासमा छ । स्थानीय तह, प्रदेश र संघ गरी तिनै तहको चुनाव सम्पन्न भएर जनप्रतिनिधीले कामगरिरहेका छन् ।

देशमा शान्ति र स्थायित्वको सुरुवात भए पनि समृद्धि र विकासको बाटोमा देश अघि बढ्न नसकेको स्थितिमा नागरिकमा निराशा वढ्दो छ । अहिलेको स्थिती हेर्दा

परिवर्तनलाईसंस्थागत गर्ने र व्यवहारमा लोकतान्त्रिक चरित्र देखाउने काममा सरकार र राजनैतिक दल चुक्दै गएको भान हुन्छ । लोकतन्त्रकै जगमा देशको राजनिती अघि बढिरहेकाले सुशासन र आर्थीक समृद्धिमा ध्यान दिन सरकार र दललाई दवाव बढेको छ । अर्कोतिर सत्तामा पुगेपछि राजनितिक दलले यो दिनको महत्व र शहीद र घाइतेको उपहास गरेको गुनासो छ ।


निजी सम्पति र स्वार्थको परित्याग सामुहिकताप्रति प्रतिबद्धता एवं उच्चतम त्याग र बलिदान बोकेका शहीदहरुका अधुरा सपनाहरु पुरा गर्न सम्बन्धित नेता र लक्षित वर्ग निरन्तर प्रयासरत रहन्छन् । शहीदहरु परिवर्तनकारी आन्दोलनको मार्गचित्र तयार गर्ने, न्याय र स्वतन्त्रताका प्रतिक एंव प्रेरणका स्रोत र न्यायपूर्ण युद्धकर्ता हुन् । देशका निमित्त बलिदान दिने शहीदलाई सैद्धान्तिक रुपमा स्थापित नगरी नयाँ आधारहरु स्थापना गर्न सकिँदैन ।शहीदले आत्मसात गरेको राजनैतिक सिद्धान्त र दर्शनलाई अवलम्बन गर्नु सम्बन्धित राजनैतिक पार्टीको कर्तव्य हो । नेपालको सन्दर्भमाशहीदको इतिहास अत्यन्त दुःखद रहेको पाइन्छ । सचेततापूर्वक बलिदान दिने शहीदहरु भष्टचारीहरुलाई सिहंदरबार पुऱ्याउने भऱ्याङ्ग बनेका छन् । कुनै व्यक्ति वा समूहका सम्बन्धित सम्पत्ति बनेका छन् । बर्तमान राजनैतिक सामाजिक क्षेत्रमा शहीदहरु वेवारीसे अवस्थामा छन् । शहीदका त्याग तपस्याबाट विभिन्न तह र तरिका सत्तामा पुग्नेहरु शहीदले अङ्गीकार गरेको मुल समस्यालाई छाडेर चाकडी र व्यक्तिगत स्वार्थपूर्तिमा तल्लीन देखिन्छन् । जनयुद्ध एवम् जनआन्दोलनलगाएतका विभिन्न क्षेत्रका शहीदहरुका सपना पुरा गर्न देशलाई सामन्ति परम्पराको जन्जीरबाट मुक्त गरी देशमा आमुल परिवर्तन गर्न सरकारमा गएका राजनैतिक पार्टीहरु शहीदको बलिदानको मूल्याङ्कन र संघर्षलाई देश विकास र सामाजिक परिवर्तन गरी उनीहरुको सम्मान गर्नुपर्ने देखिन्छ ।

हरेक देश र समाज परिवर्तनका प्रक्रियाबाट गुज्रिएको हुन्छ । पुरानो सोच र शक्तिसँग जुधेर शक्ति बाहिर परेकाहरुले परिवर्तीत व्यवस्था ल्याउनु पक्कै पनि सानो कुरा होइन । भौतिक सत्ता र शक्तिभन्दा नैतिक समर्पणको आवश्यकता हुन्छ । जसले परिवर्तनका लागि शहीदहरुले बोकेका विचार र आदर्श कालान्तरमा सही प्रमाणित हुन्छन् । पुरानो सामाजीक मान्यता र शक्तिलाई विस्थापित गर्न सकीन्छ । नेपालको राजनैतिक इतिहासलाई हेर्ने हो भने नेताहरु शक्तिको लोभमा पर्दा देश र जनताले संघर्ष गरी ल्याएका व्यवस्थाहरु र व्यवस्था ल्याउन नेतृत्व गर्ने पार्टीहरु विभाजित भई देश र समाज दुर्घटनामा परेका

इतिहासले बताउँदछ । जब देश र जनताहरुको अधिकारको निम्ति आन्दोलन, द्वन्द्वजस्ता क्रियाकलापहरु हुन्छन् । जब शक्तिमा रहेका शासक हामी सामु रहेका छन् । यस्ता आन्दोलन र द्वन्द्वले जनता शहीद भएका छन् भने ति शहीदका परिवारको अवस्था कष्टकर हुँदै गएको देखिन्छ । तिनै शहीदको बलिदानबाट आएको व्यवस्थामा नेतृत्व गर्ने पार्टी र नेताहरु ति विचारमा दृढ हुन नसक्दा देश दुर्घटनामा गएको पाइन्छ । वर्तमान अवस्थामा देशमा सविधान र जनताका मर्मअनुरुप नेतृत्वले उचित कदम चाल्न नसकेशहीदको बलिदानले ल्याएको व्यवस्था नै धरापमा पर्न सक्दछ ।

## २.३ अवधारणागत ढाँचा

जनयुद्ध शहीदहरुलाई विभिन्न मितिमा नेपाल सरकारले शहीद घोषणा गरेको छ । त्यस्ता शहीदहरुका परिवारलाई राज्य र सम्वन्धित दल लगायत अन्य संस्थाहरुले पनि सहयोग प्रदान गरेको देखिन्छ । तर शहीद परिवारको सामाजिक आर्थिक मनोवैज्ञानिक अध्ययनले सम्पूर्ण पक्षमा मद्दत पु¥याउछ । जनयुद्ध स्वतन्त्र चल हो । विभिन्न सामाजिक, राजनैतिक, आर्थिक कारणबाट जनताहरु जनयुद्धमा समावेश भएको देखिन्छ । नयाँ व्यवस्था समान अधिकार प्राप्तीका निम्ति विभिन्न योगदान दिएको देखिन्छ । सामाजिक मनोवैज्ञानि अवस्था आश्रित चल हो, जसमा शहीद परिवारमा विभिन्न समस्याहरु देखिएका छन् ।



# अध्याय : तीन
# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

कास्की जिल्ला पर्यटकिय केन्द्र मात्र नभएर विगत देखिनै राजनितीक केन्द्र पनि हो । कास्की जिल्लाको जनसंख्या हाल ४,९२,०९६ छ । पोखरा सदरमुकाम भएको कास्की जिल्लामा बाहुन, क्षेत्री, गुरुङ्ग, थकाली, नेवार, कुमाल, लगायतका ४जाति ४४ भाषा र ११ धार्मिक समुदायका मानिसहरु बसोवास गर्दछन् । आधुनिक भव्य शहर देखि दुर्गम र अत्यन्त पिछडीएको बस्ति समेत रहनु कास्की जिल्लाको विशेषता हो । कास्कीको अर्थतन्त्र पर्यटन क्षेत्रले ५८% कृषिमा १६% र विविध क्षेत्रले २०% ओगटेको छ (के.त.वि., २०६८) ।

**यस अध्ययन क्षेत्र छान्नुका कारण**

मुलुकको काठमाडौं पछिको दोस्रो ठुलो शहर भएको जिल्ला, नेपालको राजनैतिक परिवर्तनमा महत्वपुर्ण योगदान दिएको जिल्ला भएपनि त्यसको व्यवस्थित र औपचारिक अध्ययन नभएको पाइयो । भौतिक विकासको दृष्टिकोणले तिव्र विकास भएको कास्की जिल्लामा माओवादी जनयुद्धबाट शहीद भएका परिवारको अध्ययन अनुसन्धान नभएकोले यो क्षेत्र छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

द्वन्द्वले शहीद परिवारको सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक अवस्थामा पारेको प्रभाव अध्ययन गर्नका लागि अन्वेषणात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ । अन्वेषणात्मक विधिमार्फत विगतको द्वन्द्वले वर्तमानमा शहीद परिवारमा परेको प्रभावका बारेमा गहिरो अध्ययन गरिएको छ। द्वन्द्व अगाडी र द्वन्द्व पछाडि शहीद परिवारको आर्थिक, सामाजिक एवम् मनोवैज्ञानिक जीवनमा भएको परिवर्तनबारे अध्ययन गरिएको छ ।साथसाथै शहीद परिवारमाथिको राज्य वा गैरराज्य पक्षको दृष्टिकोण, समाजको उनीहरुप्रतिको विचार आदिमा केन्द्रित रहेको छ । आवश्यकताअनुसार वर्णनात्मक र व्याख्यात्मक ढाँचा प्रयोग गरी सूचना संकलन गरिएको छ ।

## ३.३ समग्रता तथा छनौट प्रकृया

प्रस्तुत अध्ययन जनगणना विधिमा आधारित छ । कास्की जिल्लामा शहीद भएका व्यक्तिहरुको तथ्यांक तत्कालिन शान्ति मन्त्रालयबाट अनुसन्धान गरिएको र जिल्ला प्रशासनबाट प्राप्त गरिएको छ । शहीद परिवारलाई छनौट गर्न जनगणना छनौट विधि प्रयोग गरी प्रत्येक शहीद घरधुरीबाट घरको घरमुलीलाई उत्तरदाताको रुपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी ४६ वटा घरधुरीका लागिसमग्र विधि प्रयोग गरिएको छ । साथै छानिएको घरको घरमूलीलाई सूचनादाताको रुपमा प्रयोग गरिएको छ । साथै अन्य थप सूचनाका लागि घरका अन्य सदस्यहरुले समाजमा भोगेका व्यवहार र द्वन्द्वपीडित व्यक्तिहरुलाई पनि सूचना प्राप्त गर्ने मुख्य व्यक्तिको रुपमा समावेश गरिएको छ ।

## ३.४ तथ्यांकको प्रकृति र श्रोत

अध्ययनमा तथ्यांकको श्रोत प्राथमिक र द्वितीय दुवै प्रकारका छन् । प्राथमिक तथ्यांकहरु अध्ययन क्षेत्रमा पुगी अन्तवार्ता,अवलोकन र बैयक्तिक अध्ययन गरिएको छ । द्वितीय तथ्यांकहरुमा माओवादी सशस्त्र द्वन्द्व तथा सँग सम्बन्धित साहित्यहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको प्रकाशित र अप्रकाशित प्रतिवेदनहरु, लेख रचना, पत्रपत्रिकामा छापिएका समाचार, पुस्तक, जीवन इतिहास र इन्टरनेटबाट प्राप्त गरिएको थियो । तथ्यांकको प्रकृति गुणात्मक र परिमाणात्मक दुवै किसिमका छन् ।

## ३.५ तथ्यांक संकलनका विधिहरु

प्रस्तुत अध्ययनमा प्राथमिक तथ्यांक विभिन्न विधीको प्रयोग गरी तथ्यांक संकलन गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता अनुसुची

शहीद परिवारले भोगेका समस्याहरुबारे अध्ययन केन्द्रीत भएको छ । उनीहरुको आर्थिक, सामाजिक एवम मानसिक जीवनमा आइपरेका अप्ठ्याराबारे छलफल चलाइएको छ। अध्ययन क्षेत्र कास्की जिल्लामा रहेका शहीद परिवारका सदस्यसँग प्रत्यक्ष भेटी अन्तरवार्ताका क्रममा दिएका जानकारी विचार, गुनासा समावेश गरिएको छ। अनुसुचकिो प्रयोग गरी तथ्यांक संकलन गरिएको छ । अन्तर्वार्ता अनुसुचीलाई अनुसुचीमा प्रस्तुत गरिएको छ ।

### ३.५.२ अवलोकन

अवलोकनद्वारा सहीदपरिवारकोआर्थिक, सामाजिक पक्षहरुको प्रत्यक्ष अवलोकन गरी तथ्यांक संकलन गरिएको छ । अध्ययन क्षेत्रमा रहेका शहीद परिवारका सदस्यहरुको वर्तमान अवस्था, अन्तर्गत आर्थिक, सामाजिक मनोवैज्ञानिक आदि पक्षको अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

अध्ययन क्षेत्रका शहीद परिवारमध्ये १२ जनाको वैयक्तिक अध्ययन गरिएको छ । आफ्नो र आफ्नो परिवारको पृष्ठभूमि र वर्तमान अवस्थाको बारेमा उनीहरुबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.४ द्वितीय तथ्यांक संकलन विधि

द्वितीय तथ्यांकहरुमा माओवादी सशस्त्र द्वन्द्वसँग सम्बन्धित साहित्यहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको प्रकाशित र अप्रकाशित प्रतिवेदनहरु, लेख रचना, पत्रपत्रिकामा छापिएका समाचार, पुस्तक, जीवन इतिहास र इन्टरनेटबाट प्राप्त गरिएको छ ।

## ३.६ तथ्यांक विश्लेषण

संकलित तथ्यांकहरुलाई तिनीहरुको प्रकृतिको आधारमा परिमाणात्मक तथ्यांकलाई तालिकीकरण र बर्गीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । तथ्यांकहरुलाई तालिका र प्रंतिशतमा पनि प्रस्तुत गरिएको छ । गुणात्मक तथ्यांकलाई व्यवस्थित एवं वैज्ञानिक ढंगले गुण र प्रकृतिको आधारमा उद्देश्य अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको चिनारी तथा सामाजिक अवस्था

## ४.१ अध्ययन क्षेत्रको परिचय

नेपालको गण्डकी प्रदेशस्थित कास्की जिल्लामा एक महानगरपालिका र ४ गाउँपालिका रहेका छन् । जसमा पोखरा महानगरपालिका, रुपा गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका र मादी गाउँपालिका रहेका छन् । कास्की जिल्लाको कुल जनसंख्या ४,९२,०८६ रहेको छ । त्यसमध्ये पुरुष २,३६,३८५ जना र महिला २,५५,७१३ रहेका छन् । यस जिल्लाको अवस्थिति पहाडी प्रदेशमा भएका कारण यसको भु-वनावट पनि ज्यादै जटिल छ । कास्की जिल्ला फरकफरक विशेषता बोकेको जिल्ला हो । कास्की जिल्ला काठमाडौं पछिको दोस्रो राजनीतिक केन्द्र पनि हो । मुलुकभरी जनयुद्धको सुरुवातसँगै कास्की पनि अछुतो रहन सकेन । यस जिल्लाका गाउ ठाउँबाट जनयुद्धमा थुप्रै व्यक्तिको सहभागिता रहेको थियो भने २०५२ देखि २०६३ सम्म आइपुग्दा ४६ जना शहीद भएको स्थीति छ यिनै ४६ जना शहीद परिवारको वर्तमान सामाजिक, राजनैतिक, आर्थिक स्थीतिको विषयलाई अध्ययन गरिएको छ । (के.त.वि., २०६८)

कास्की जिल्ला नेपालको मध्य भागमा स्थित विश्व प्रसिद्ध अन्नपूर्ण हिमश्रृङ्खलाको दक्षिण काखमा अवस्थित छ । यस जिल्लाको सर्म्पुण भु-भागलाई सप्तगण्डकी प्रवाह प्रणाली अन्तर्गत सेती गण्डकी, मादी, मोदी र तिनका साहायक नदि र खोलाले प्रवाहित गरेका छन् । यो जिल्लाका थुप्रै भु-भाग उच्च हिमाली क्षेत्रमा पर्दछ । अन्नपुर्ण प्रथम (८०९१) मिटर यसै जिल्लाको उत्तर-पश्चिम सिमानामा पर्दछ भने माछापुच्छ्रे (६९९३ मिटर) उचाइको हिमाल जिल्लाको उत्तर मध्य-भागमा पर्दछ । कास्की जिल्लाले कुल क्षेत्रफलको २०१७ वर्ग कि.मि क्षेत्रफल ओगटेको छ । स्याङ्गजा तनहुँ, लमजुङ्ग, मनाङ, म्याग्दी र पर्वत जिल्ला सँग जोडीएका छन् । जिल्लाको उत्तर तर्फ मनमोहक हिमालश्रृङ्खलाहरु, सेती नदीको गहीरो गल्छी, उपत्यका र ताल-तलैया यस जिल्ला का आभुषण हुन् । माछापुच्छ्रे, अन्नपुर्ण को प्रतिविम्व फेवातालमा पर्दछ जुन यसै जिल्लाको प्रमुख पर्यटकीय आकर्षको रुपमा छ ।

कास्की जिल्लाको सदरमुकाम पोखरा हो । देशकै मनोरम स्थल, धार्मीक क्षेत्र यसै जिल्लामा अवस्थीत रहेका छन् । हुन त पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने बेलामा

पनि कास्की अरु राज्यभन्दा क्षमतावान अर्थात स्रोत र साधन युक्त रहेको पाइन्छ । त्यसैले पनि कास्की जिल्ला नेपालका अन्य जिल्लाभन्दा बढी विकसितभएको पाइन्छ । शहीद परिवारको वर्तमान सामाजिक, आर्थिक, मनोवैज्ञानिक र राजनैतीक स्थितिको विषयलाई अध्ययन गरिएको छ । देशका अन्य जिल्ला रुकुम, रोल्पा, जुम्ला, हुम्लाजस्तो द्वन्द्व प्रभावित जिल्ला नभए पनि कास्की जिल्लामा माओवादी पार्टीको नेतृत्व गर्ने प्रमुख व्यक्तिहरु आवद्ध रहेको पाइन्छ ।




स्रोत :ncthakur.itgo.com

## ४.२ उत्तरदाताको सामाजिक अवस्था

मानव समुदाय पृथ्वीको सबैभन्दा चेतनशील समुदायमा पर्दछ । मानवले गरेका आविष्कार, खोज अनुसन्धान र चेतनाका कारण नै मानव अब्बल प्राणी भित्र पर्न सफल भएको हो । समाजका हरेक क्रियाकलापमा सहभागी हुनु, एक अर्कोलाई दुःख पर्दा सहयोग गर्नु, मानव जातीका विशेषताहर हुन् । संस्कृति, धर्म, जातिय हिसावले फरक फरक विशेषता बोकेको भएपनि एक अर्कोलाई सम्मानजनक ढंगले व्यवहार गर्नु र मिलेर बस्नु मानिसका सामाजिक गुणहरु हुन् ।

शहीद परिवारको सामाजिक अवस्था अन्य परिवारको भन्दा कमजोर देखियो । युद्धताका माओवादी पार्टीमा लागेका कारण फरक व्यवहार भोग्नुपरेको, सामाजिक क्रियाकलापमा सहभागी नगराउने, अपमान गर्ने जस्ता व्यवहार हुन्थ्यो तर अहिले आएर त्यस्ता व्यवहार नगर्ने शहीद परिवार भनेर सम्मान गर्ने हरेक क्रियाकलापमा सहभागी गराउने परिवारको भनाई रहेको छ ।

### ४.२.१ उमेरको आधारमा उत्तरदाताको विभाजन

मानसिक, सामाजिक र शारिरिक विकासको अवस्था अनुसार जन्मदेखि नै मानिसलाई भिन्न भिन्न उमेरगत समुहमा विभाजन गरिन्छ । जसमा नवजात शिशु, बालबालिका, किशोरअवस्था, युवा अवस्था, प्रौढ अवस्था र बृद्ध अवस्था हुन् । शहिज परिवारका उमेर, अवस्था तालिका नं. ४.१ मा देखाइएको छ ।

**तालिका ४.१ : उमेर अनुसार विभाजन**

| उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| ३० देखि ३९ वर्ष | १५ | ३२.६०% |
| ४० देखि ४९ वर्ष | १८ | ३९.१३% |
| ५० देखिमाथी | १३ | २८.२६% |
| जम्मा | ४६ | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७५ ।*

तालिका नं ४.१ मा उल्लेख तथ्यांक अनुसार ३० देखि ३९ वर्ष सम्मका १५ जना शहीदका दाजुभाई, दिदीबहिनी, श्रीमति रहेका छन्, जुन कुल संख्याको ३२.६० प्रतिशत हुन आउँछ । उमेर समूह ४० देखि ४९ वर्षभित्र पर्ने सख्या १८ रहेको छ, जुन कुल संख्याको ३९.१३ प्रतिशत हो । उमेर समूहमा सबैभन्दा बढी सदस्य संख्या पनि यसैभित्र पर्दछ । त्यसै गरी उमेर समूह ५० देखिमाथि १३ जना सहित परीवारका आमाबुवा छन् । किनकी जनयुद्ध सुरु भयो जनयुद्धमा सहभागी हुने व्यक्तिहरु युवा र बयस्क थिए । जसमा श्रीमान, छोराछोरी जनयुद्धमा लागेपछि उत्तरदाताको रुपमा श्रीमती र आमाबुवाहरु रहेका छन् ।

**बैयक्तिक अध्ययन (१)**

*म सुवेदी थरको शहीद परिवारको सदस्य हुँ । अहिले ७० वर्षकी भएँ । म सामान्य पढ्न सक्छु लेख्न भने सक्दिनँ । मेरा ५ सन्तान मध्ये सबैभन्दा जेठि छोरी शहीद भइन । उनी २०५५ सालदेखि नै माओवादी पार्टीमा लागिन् । २०५९ साल असार २९ गते ब्यारेकमा चरम यातना दिएर मारियो । जन्माएर हुर्काएकी छोरी त्यसरी मारिँदा सारै पिडा हुँदो रहेछ । उ सँगैका साथीहरु देख्दा म रुने गर्छु । अहिले बाँचेको भए आमा भन्दै आउने थिई होला । गाउँभरी मध्ये हाम्रो घर मात्र माओवादीमा लागेको थियो । हामीलाई माओवादी भनेर छरछिमेकीले साह्रै हेप्ने गर्थे । हामीलाई विवाह/ब्रतबन्धमा समेत बोलाउने थिएनन् । पानी पँधेरामा पनि हाम्रो कुरा काट्ने गर्थे । मैले त्यो बेलामा राति राति भात पकाएर जंगलमा लगेर पार्टीका मान्छेलाई खुवाउँथैँ । निकै संघर्ष र दुःख गरियो पार्टीको लागि, सेना पुलिसहरु आयर तेरो छोरि कहाँ छ, निकाल् भनेर धम्की दिन्थे । ज्यान जोगाउनै सारै गाह्रो थियो । अब अहिले गाउँलेहरुले नराम्रो व्यवहार चाहि गर्दैनन् सामान्य नै गर्छन् । जुन पार्टीमा लागेर छोरी शहीद भईन् आज त्यो पार्टिले शहीदहरुलाई बिर्सिसक्यो । सरकारमा हुँदा पनि हामीलाई केही व्यवस्थापन गर्दैनन् । पार्टीका नेताहरु सबै आफ्नै स्वार्थमा लागेका छन् । घर, गाडी जोडेर आफ्नो छोरा छोरी निजि विद्यालयमा पढाएका छन् । तर हामी बूढाबुढीलाई हेर्दैनन् । चुनावमा मात्र सम्भिmन्छन् । अरुबेला सन्चो विसन्चो के छ भनेरसमेत वास्ता गर्दैनन् । उपचारमा सहयोग गर्दिए हुन्थ्यो जस्तो लाग्छ । पार्टीले पहिले पहिले शहीदहरुको सम्भmनामा दीप प्रज्वलन गर्ने उनीहरुका परिवारलाई सम्मान गर्ने गर्थे । अहिले त कुनै पनि पार्टीले यस्ता कार्यक्रम गर्न छाडिसके । छोरीले रगत बगाएको पार्टीको यस्तो व्यवहार देख्दा पिडा हुन्छ । यो अवस्था देख्दा छोरी पार्टीमा बेकार लागेर आफ्नो ज्यान गुमाईजस्तो लाग्छ । पहिलेजस्तो अहिले पार्टीप्रति उच्च सम्मान र माया लाग्दैन ।*

## ४.३ शैक्षिक अवस्था

शिक्षा मानिसको चेतना वृद्धि गर्नका लागि अति आवश्यक हुन्छ । मानिसलाई सर्वश्रेष्ठ प्राणी मानिएको पनि यसै कारणले हो । ज्ञानको उत्पादन र वितरणलाई नै मानिसको वौद्धिक पहिचान मानिन्छ । सिक्ने र सिकाउने प्रक्रियामा औपचारिक शिक्षा जरुरी हुन्छ । शहीद परवारको शैक्षिक अवस्थालाई तालिका नं. ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : शैक्षिक आधारमा विभाजन**

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १९ | ४१.४६% |
| साक्षर | १२ | २६.०८% |
| प्रविणता प्रमाणपत्र | १० | २१.७३% |
| स्नातक | ३ | ४.३४% |
| स्नातकोत्तर | १ | २९% |
| जम्मा | ४६ | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७५ ।*

तालिका नं. ४.२ अनुसार कुल उत्तरदातामध्ये १९ जना निरक्षर, १२ जना साक्षर, १० जना प्रविणता प्रमाण पत्र, ३ जना स्नातक र १ जना स्नाकोत्तर अध्ययन गरेको देखिएकाले शहीद परिवारको सदस्यहरुको शैक्षिक अवस्था नाजुक रहेको छ भन्न सकिन्छ । औपचारिक शिक्षा प्राप्तिमा आन्दोलनमा सक्रिय पात्र र उसको परिवार पछि परेको देखिन्छ । किनकि शिक्षा आर्जन गर्न समय, आर्थिक स्रोत र भौतिक परिवेश अनुकुल हुनुपर्छ, जुन उनीहरुका लागि प्रतिकुल हुन जान्छ ।

**बैयक्तिक अध्ययन - (२)**

*म ३२ वर्षकी भुर्त्याल थरको शहीद परिवाको सदस्य हुँ । म विवाहित हुँ । मैले प्रेमविवाह गरेको हुँ, अहिले मेरो २ छोरी छन् । मैले स्नातक सम्मको अध्ययन गरेकी छु । मेरो श्रीमान्ले मेडिकल चलाउनुहुन्छ र मेरो कुर्था साडीको पसल छ । मेरो वुवा शिक्षक हुनुहुन्थ्यो भने आमा गृहिणी । उहाँहरु तत्कालिन माओवादीले उठाएका मुद्दाबाट प्रभावित भई संगठनमा काम गर्नुहुन्थ्यो । जनयुद्धले चर्को रुप लिएको थियो त्यसै क्रममा २०६१ साल बैशाख ३१ गते बुवाले आमालाई ठूलाखेतसम्म भेट्न बोलाउनुभएको थियो । त्यसै बेला सेनाले आमाको पिछ्ा गरेको रहेछ र त्यहि दिन नै आमा र बुवा दुवैलाई विभिन्न यातना दिएर गोलि ठोकी मार्‍यो । म त्यसबेला १४ वर्षकी मात्र थिएँ । मेरा ३ बहिनी र १ जना भाइको सम्पुर्ण जिम्मेवारी मेरो काँधमा आइपर्‍यो । वुवा आमा वितेको १४/१५ दिनमा नै जग्गा जमिन (अंश बन्डा) को लागी आफन्तहरुले मुद्दा हाले । हामीलाई सहयोग गर्नुको सट्टा विभिन्न प्रकारको असहयोग आफन्तबाट नै भयो । हामी सबै स-साना भएको हुँदा र आमावुवा पनि नभएको हुँदा छरछिमेकीले पनि हामीसँग राम्रो व्यवहार गर्दैनथे । पहिले पहिले मलाई बुवा आमा बेकार पार्टीमा लागेर हामी टुहुरा भयौँ भनेर रिस उठ्थ्यो । हामी सबैको पालनपोषण शिक्षामा निकै अफठ्यारा दिनहरु आए । भाइबहिनीको पढाईका लागि मलाई निकै गाह्रो भयो । बहिनीहरु पनि राम्रो पढिरहेको छन् । भाइ अहिले चिनमा डक्टर पढ्दै छ । बजारमा घर भएको कारण घर भाडा र व्यवसायहलाई सामान्य जिवनयापन चलिरहेको छ । हामी सबै एउटै घरमा बस्छौं । चाडपर्व र अरुका आमाबुवा देख्दा पिडा त हुन्छ तर पनि पार्टि र राष्ट्रका लागि शहीद भएको हुँदा गर्व पनि लाग्छ ।*

## ४.४ जातिय संरचना

नेपाल एक बहुजातिय, बहु सास्कृतिक, बहुधार्मीक एवम् भौगोलीक विविधता भएको मुलुक हो । नेपालका जातिहरुको विभाजन भाषा, जातिय पहिचान तथा जाति प्रथाबाट भउको हो । हरेक जातिको भाषा, संस्कृति र सभ्यता आफ्नै किसिमका हुन्छन् । नेपालको सन्दर्भमा जातलाई १२५ जातिमा विभाजन गरिएका छ । जसमा सबैभन्दा बढी क्षेत्रीको जनसंख्यको १६.६० प्रतिशत ब्राह्मण १२.१८ प्रतिशत मगर ७.१२ प्रतिशत रहेका छन् ( के.त.वि., २०६८)।

**तालिका ४.३ : जातिय विभाजन**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | १८ | ३९.१३% |
| जनजाति | ११ | २३.१३% |
| दलित | १३ | २८.२७% |
| क्षेत्री | ४ | ९.४७% |
| जम्मा | ४६ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७५ ।*

तालिका नं. ४.३ अनुसार अनुसार ४६ शहीद परिवारमध्ये ४ परिवार क्षेत्री, १८ ब्राह्मण, ११ जनजाति र १३ दलित परिवार रहेका छन् । जसमध्ये ब्राह्मणको संख्या धेरै छ । नेपालमा हरेक क्षेत्रमा नेतृत्व गर्ने धेरैजसो ब्राह्मण जाति देखिन्छ । जनयुद्धमा सहभागी हुनेमा पनि ब्रामण जाति बढी भएकाले शहीद हुनेको संख्यापनि ब्राह्मण नै धेरै रहेको पाइयो ।

**वैयक्तिक अध्ययन (३)**

*म ५० वर्षीय वि.क. थरको शहीद परिवारको सदस्य हुँ । म ५० वर्षको भएँ । मैले* **S.L.C** *उत्तिर्ण गरेको छु । मेरो पेशा कृषि हो । मेरा नौ जना छोरी छन् । सबैभन्दा ठूली छोरी शहीद हुन् । उनी पढाईमा निकै तेजिली थिईन् । हामी दलित भएको हुदाँ गाउँघरमा विभिन्न खालका विभेद हुन्थ्यो । त्यहि विभेदको विरुद्ध उभिँदा उनीशहीद भइन् । पहिले गाउँमा माओवादी भनेर हेप्ने गर्थे, बोल्न पनि डराउँथे । समाजका कियाकलापमा पनि बोलाउँदैनथे । दलित भएर जन्मनु अपराधजस्तो गर्थे । जनयुद्धले केहि भए पनि परिवर्तन ल्याएको छ । अहिले पहिलेजस्तो व्यवहार छैन । परिवार निकै ठुलो छ । आम्दानी न्युन छ । छोरीहरुको पढाई राम्रो छ । नपढाएर पनि भएन । पढाईसकेका दुई छोरीलाई रोजगारीको आवश्यकता छ । कहिलेकाहीँ ठूली छोरी बाँचेको भए अहिले केही गर्न सक्ने भईसक्थी होला जस्तो लाग्छ । सन्तान गुमाउनुको पिडा ठूलो हुने रहेछ । कहिल्यै बिर्सिन नसकिने के गर्नु तर शहीदको वुवा भनेर सम्मान गर्दा, भेट्न आउँदा खुसि अनुभुति हुन्छ ।*

## ४.५ शहीद हुनुभन्दा अगाडिको पेशागत विवरण

जनयुद्धमा सहभागी हुनुभन्दा पहिले शहीदहरुको पेशागत विवरण निम्न अनुसार छ :

**तालिका ४.४ : शहीद हुनुभन्दा अगाडिको पेशागत विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| मजदुर | १५ | ३३ |
| व्यवसाय | ७ | १५ |
| कृषि | १९ | ४६ |
| सेवा | ५ | १० |

| | | |
|---|---|---|
| जम्मा | ४६ | १०० |

*स्रोत : स्थलगत अध्ययन २०७५ ।*

४.५ जनयुद्ध अगाडिको शहीदहरुको पेशागत विवरण तालिका अनुसार हेर्दा १९ जना कृषि पेशामा आबद्ध रहेको पाइयो । जसबाट आफ्नो सामान्य जिवनयापन गर्थे । कृषि प्रधान देश भएको हुदा र अन्य रोजगारीका अवसर नभएका कारण पनि यो पेशा रोजेको देखिन्छ । त्यसैगरी १५ जना ज्यालादारी मजदुर काम गर्ने पाइयो ।

## ४.६ पेशागत अवस्था

नेपाल एक दक्षीण एसिया माहादेशमा अवस्थित विकासोन्मुख मुलुक हो । यस देशमा रहेका जनताहरुले बेरोजगारीको चरम समस्या भोगेका छन् । यस्तै समस्या द्वन्द्वपिडित परिवारमा पनि व्याप्त देखिन्छ, जुन तलको तालिकाबाटप्रस्ट पार्न सकिन्छ ।

**तालिका ४.५ : पेशागत आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| मजदुर | २३ | ५०% |
| व्यवसाय | १० | २१.७३९% |
| कृषि | ९ | १९.५६५% |
| सेवा | ४ | ८.६९५% |
| जम्मा | ४६ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७५ ।*

तालिका ४.५ अनुसार उत्तरदातामध्ये २३ जना अर्थात् कुल संख्याको ५० प्रतिशत मजदुर पेशामा रहेका छन् । त्यसैगरी १० जना व्यवसाय, ९ जना कृषिर बाँकी ४ जना सेवा पेशामा कार्यरत रहेको देखिन्छ । तालिकाबाट यो कुरा प्रस्ट हुन्छ की शहीदका परीवार र जीवनस्तर अत्यन्त दयनीय रहेको छ ।

**वैयक्तिक अध्ययन** (४)

*सिंखडा थरको शहीद परिवारको सदस्य हुँ । म अहिले ५५ वर्षकी भएँ । मलाई पढ्न लेख्न आउँदैन । मेरा २ छोरामध्ये ठूलो छोरा २०६० सालमा गोरखामा शहीद भयो । उ विद्यार्थी राजनीतिमा थियो । माओवादी आन्दोलनले ठूलो प्रभाव पारेको थियो । त्यहाँ माओवादी पार्टीमा आबद्ध हुने संख्या ठुलो थियो । मेरो श्रीमान् पनि पार्टी संगठनमा हुनुहुन्थ्यो । वहाँ हाल वेपत्ता हुनुहुन्छ । श्रीमान् वेपत्ता छोरा शहीदयति ठूलो चोटको पिडा म शब्दमा व्यक्त गर्न सक्दिनँ । बारम्बार उनीहरुको यादमा तड्पिन्छु । अहिले कान्छो छोरा मजदुरी गर्छ । बुहारी डोके व्यापारी हुन् । म भने घरमा नाती नातिनाको रेखदेख गर्छु । बिरामी हुने हुँदा काम गर्न सक्दिनँ । पहिले म पनि फलफूल बेच्ने गर्ने गर्थें । हामी अहिले पृथ्वीचोक नजिकैको सुकुम्बासी बस्तीमा बस्छौं । पार्टीले हामीलाई कुनै पनि सहयोग गरेको छैन । छोरालाई क्षमता अनुसारको काम लगाईदिए हुन्थ्यो । मेरो उपचारमा सहयोग गरे हुन्थ्यो । तर हाम्रो दुःख कसले देख्ने छोरा बुहारीले राम्रै गर्छन् । बेपत्ताको अवस्था सार्वजनिक गर्नुपर्ने सधैँ उतैबाट झुलुक्क आउनु हुन्छकि जस्तो लाग्छ । देशभरीबाट हजारौंको रगतबाट आज नेताहरु कहाँ पुगे तर रगत बगाउने परिवारको अवस्था सडकमा छ । न आफ्नो बस्ने जग्गा छ न आफ्नो गतिलो रोजगार छ, पार्टीले पनि केही गरेन । पहिला पहिला कहिलेकाही सम्मान गर्थे तर अहिले त्यो पनि छैन । पसिना बगाउन सके बिहान बेलुका खान पाईन्छ नत्र भोकै बस्नुपर्ने अवस्था छ ।*

## ४.७ धार्मिक अवस्था

नेपाल धर्मनिरपेक्ष मुलुक भए पनि धार्मिक आस्था भएका मानिसहरुको संख्या अत्याधिक रहेको छ । मुख्यतः हिन्दु धर्मावलम्वी नै बढी रहेका छन् । कास्कीका शहीद परिवारमा पनि धार्मिक आस्था रहेको पाइन्छ । भौतिकवादी दृष्टिकोणसँग सहमत भए पनि धर्मप्रति पनि लगाव देखिनु अन्तरविरोधी सोच हो । तैपनि धर्मसँग उनीहरुको पूरै सम्बन्ध टुटेको देखिँदैन । जुन तलको तालिकामा देख्न सकिन्छ :

**तालिका ४.६ : धर्मको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३३ | ७१.७३% |
| बौद्ध | ५ | १०.८६% |
| क्रिश्चियन | ८ | १७.३९% |
| जम्मा | ४६ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७५ ।*

तालिका नं. ४.६ अनुसार ४६ परिवारमध्ये ३३ परिवार अर्थात ७१.७३ प्रतिशत हिन्दु धर्म मान्ने गर्दछन् भने ५ परिवार अर्थात १०.८३% बौद्ध, ५ जना अर्थात १७.३९ प्रतिशत क्रिश्चियन धर्म मान्ने ८ परिवार १७.३९ प्रतिशत छन् । पछिल्लो समयमा क्रिश्चियन धर्म प्रति मानिसको आकर्षण बढेको देखिन्छ । धर्मको माध्यमबाट विभिन्न आर्थिक सहयोगहरु प्रदान गरेर यस धर्मप्रति आकर्षित बनाएको देखिन्छ ।

**वैयक्तिक अध्ययन (५)**

*म नेपाली थरको ७२ वर्षिय शहीद परिवार हुँ। मलाई लेखपढ गर्न आउँदैन। मेरा तीन छोराछोरीमध्ये ठुली छोरी शहीद भइन्। उ माओवादी पार्टीमा आबद्ध थिई। आफु दलित भएको हुँदा समाजले गर्ने दुर्व्यवहारबाट पीडा भएर परिवर्तनका लागि पार्टीमा लागेकी थिई। त्यसैक्रममा उसलाई नेपाली सेनाले गोली हानेर मारे। मेरो ठुलो छोरा मजदुरी काम गर्छ। बिहे गरेर छुट्टिएर बसेको छ। मेरो कान्छो छोरो शारिरिक अपाङ्ग छ। त्यही छोरा म अहिले सुकुम्बासी बस्तीमा बस्छौँ। पहिले म काम गर्न सक्थेँ। घर बनाउने ठाउँमा मजदुरी काम गर्थें र बिहान बेलुका खान पुग्थ्यो। तर अहिले बुढी भएँ र विरामी पनि छु। काम गर्न सक्दिनँ। सरकारले शहीदलाई दिएको पैसा पनि आफन्तहरुले खाइदिए। अहिले बिहान बेलुका खान पनि गाह्रो भएको छ। अपाङ्ग छोराको उपचार र रेखदेख गर्न पनि पैसा नभएको कारण सकेको छैन। छरछिमेकीले कहिलेकाही चामल दिन्छन् र २/४ वटा कुखुरा पालेको छु त्यहि कुखुरा बेचेर आमा छोरा बाँचेका छौँ। म मरेपछि यो छोराको हालत के हुने होला भन्ने साह्रै चिन्ता लाग्छ। छोरीको यादले सताउँछ। उसले भनेजस्तो खै हाम्रो लागि परिवर्तन केही भएन। हाम्रो अवस्था हिजो जस्तो थियो आज पनि उस्तै छ। ठूलाठूला नेतालाई मात्र आयो सुखका दिन हामीलाई त छाक टार्न नै मुस्किल हुन्छ। भोकले नै मर्ने हो कि भन्ने डर लाग्छ। पार्टी तथा सरकारले यहि छोराको लागि उपचार र बस्नको व्यवस्था गरिदिए हुन्थ्यो। मत बुढी भैसकेँ अब १/२ वर्ष दुखले पनि बाच्छु। म जस्तै अरु शहीद परिवारको व्यवस्था गरिदिए हुन्थ्यो।*

## ४.८ उत्तरदाताको लैङ्गिक विवरण

जनयुद्धमा शहीद हुने संख्यापुरुषको संख्या बढि भएको पाइयो । जसले गर्दा उत्तरदाताको संख्यामा शहीद परिवारका आमा, श्रीमती र दिदीबहिनीहरु भएको हुनाले प्रस्तुत अध्ययनमा उत्तरदाताको संख्यामा महिलाको ३० जना र पुरुषको १६ जना रहेका छन् ।

**तालिका ४.७ : लैङ्गिताको आधारमा उत्तरदाताको विवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | ३० | ६५.२२% |
| पुरुष | १६ | ३४.७८% |
| जम्मा | ४६ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७५ ।*

तालीका ४.७अनुसार सर्वेक्षण सख्या ४६ जना मध्येमा ३० जना अर्थात ६५.२२ प्रतिशत महिला उत्तरदाता रहेका छन् भने १६ जना अर्थात् ३४.७८ प्रतिशत पुरुष उत्तरदाता रहेका छन् । जनयुद्धमा पुरुष बढि सहभागी भएको हुँदा उनीहरुको श्रीमती आमाहरु उत्तरदाताको रुपमा बढी पाइयो ।

## ४.९ शहीदको लैङ्गिक विवरण

विश्व भरि नै लिङ्गलाई प्रमुख २ आधारमा विभाजन गरिन्छ जसमा महिला र पुरुष रहेका छन् ।

**तालिका ४.८ : शहीदको लैङ्गिक विभाजन**

| विवरण | १३संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १३ | २८ |
| पुरुष | ३३ | ७२ |
| जम्मा | ४६ | १०० |

तालिका नं.४.८ अनुसार जनयुद्ध सहभागी हुने महिला भन्दा पुरुषको संख्या बढि पाइयो । सहभागी पुरुष बढी भएपछि शहीद पनि पुरुष नै बढि देखिन्छन् ।

**वैयक्तिक अध्ययन** (६)

*सापकोटा थरको ४५ वर्षीय शहीद परिवारको सदस्य हुँ । मैले कक्षा १० सम्म अध्ययन गरेको छु । मेरा २ छोरा र १ छोरी छन् । मेरो श्रीमान २०५३ सालदेखि नै माओवादी पार्टीमा आवद्ध हुनुहुन्थ्यो । देश र जनतालाई सामन्तवाद र साम्राज्यवादबाट मुक्त गराउन पार्टीमा आवद्ध हुनुहुन्थ्यो । यसै क्रममा नै २०६१ साल चैत ९ गते कास्कीको कालीकामा उहाँको शहादत भयो । हाम्रो घर ताराकाङ हो । अलि विकट भौगोलिक अवस्था छ । आर्थिक अवस्था ज्यादै कमजोर छ । जव शेखरजीको मृत्यु भयो, ४ जना छोराछोरी पाल्न मलाई कठिन भयो । गाउँमा आफन्तले सहयोग गरेनन् । माओवादी भएका कारण विभिन्न मानसिक तनाव आफन्तबाट र छरछिमेकबाट पायौँ । गाउँघरमा काम पनि पाइएन भाडा तिरेर पोखरामा बस्न थाले । छोराछोरीको शिक्षाको लागि मलाई साहै गाह्रो भयो । अहिले म ज्यालादारी काम गर्छु र सामान्य हिसावले जिवनयापन चलिरहेको छ । २ जना छोराछोरीहरु शहिद विद्यालयमा पढेका छन् । पार्टीप्रति निकै गुनासो छ । हाम्रो व्यवस्थापनमा पार्टीले केही सहयोग गरेको छैन अब त सरकारमा पुगेको छ । छोराछोरीहरु पढेलेखेका छन् । तर पनि बेरोजगार छन् । बस्ने घर छैन विभिन्न किसिमका पिडा छन् । घरको मुख्य व्यक्ति गुमाउँदाको पिडा छ नै जिविको पार्जनका लागि गाह्रो हुदाँ अर्को खालको मानसिक तनाव हुदोँ रहेछ । आफन्तबाट अपहेलना हुनुको पिडा झन ठुलो हुँदो रहेछ । अहिले छोराहरु ठूला भएका छन् र काम गर्छन्, मलाई सहयोग पुगेको छ । पार्टीले शहीदहरुको सम्मान गर्न सकेको छैन । पहिले पहिले पार्टीले श्रद्धान्जली सभा गर्थ्यो । अहिले त त्यो पनि गरेको छैन । रगत बगाएर छोराछोरी टुहुरा बनाएर जानुभयो तर हाम्रो अवस्था बेहाल भयो ।*

# अध्याय : पाँच

# मनोवैज्ञानिक र आर्थिक अवस्था

## ५.१ मनोविज्ञानको परिचय

सन् १९११ मा पिल्सबरी नामक मनोवैज्ञानिकले मनोविज्ञानलाई परिभाषित गर्दै भनेका थिए, 'मनोविज्ञानलाई मानव व्यवहारको विज्ञानको रुपमा अत्याधिक सन्तोषप्रद ढङ्गले परिभाषित गर्न सकिन्छ ।' पिल्सबरीको उपर्युक्त विचारधारालाई दृढ समर्थन तथा प्रतिपादन गर्दै सन् १९१२ मा वाट्सन नामक मनोवैज्ञानिकले मनोविज्ञानलाई 'व्यवहारको अध्ययन'को नाम दिए । व्यवहारवादी मनोवैज्ञानिकहरुका अनुसार मनोविज्ञानका विषयहरु आत्मनिष्ठ नभई वस्तुनिष्ठ हुनुपर्छ । कालान्तरमा बुडवर्थले मनोविज्ञानको यस व्यवहारवादी धारणालाई सुस्पष्ट तथा सुनिश्चित रुप प्रदान गरे र मनोविज्ञानको विकासलाई स्पष्ट पार्दै तिनले भने, 'मनोविज्ञानले पहिला आफ्नो आत्मा गुमायो, पछि आफ्नो मनलाई गुमायो र त्यसपछि आफ्नो चेतना गुमायो तर व्यवहारसँग यो हालसम्म जोडिएको छ ।' मनोविज्ञानको यो व्यवहारवादी परिभाषा पहिलाका अन्य परिभाषाहरुको तुलनामा बढी वैज्ञानिक तथा सन्तोषजनक मानिए तापनि मनोवैज्ञानिकहरुका अन्य समुहरुबाट यो व्यवहारवादी परिभाषा पनि आलोचनामुक्त हुन सकेन ।मनोवैज्ञानिकहरुले व्यवहारवादी परिभाषालाई आलोचना गर्दै भनेका थिए- 'कहिलेकाहीँ व्यवहारका रुपमा अनेक चेतन अनुभूतिहरु अभिव्यक्त हुने गर्छन् । तसर्थ कुनै व्यवहारलाई हेरेर मात्र यो भन्न गाह्रो हुन्छ कि त्यसको सम्बन्ध कुन मानसिक अनुभूतिसँग रहेको छ । उदाहरणको लागि-कुनै दगुर्दै गरेका व्यक्तिलाई हेरेर यो भन्न गाह्रो हुन्छ कि त्यसले दगुर्नुका पछाडि के कारण छ ।'

व्यवहारको सार्थकता अनुभूतिमा निर्भर गर्दछ र व्यक्ति आफ्ना अनुभूतिको आधारमा नै अरुका व्यवहारको व्याख्या गर्ने गर्छ । उदाहरणका लागि, कुनै व्यक्तिलाई हाँसेको देखेर यो

बुझ्नु कि त्यो खुशीमा छ, आफ्नो अनुभूतिको परिणाम हो किनभने हामी खुशीमा हाँस्छौँ । तसर्थ अरुको हँसाइलाई पनि खुशीको अनुभूतिसँग सम्बन्धित ठान्छौँ ।

व्यवहारको निरीक्षणमा वैयक्तिक कारणको प्रभाव रहेको हुन्छ । यस प्रकार निष्कर्षका रुपमा भन्ने हो भने अनुभूतिसम्बन्धी तथा व्यवहारसम्बन्धी मनोविज्ञानको दुवै परिभाषा आंशिक रुपमा मात्र सही छन् । अर्थात् अनुभवको अध्ययनले मात्र अथवा व्यवहारको अध्ययनले मात्र मनोविज्ञानको रुपमा प्रतिष्ठापित हुन सक्दैन किनभने अनुभूति तथा व्यवहारमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । वास्तवमा कुनै व्यक्तिका मानसिक स्थितिका सही जानकारीका लागि दुवै पक्ष अर्थात् अनुभूति र व्यवहारलाई सँगसँगै अध्ययन गर्नु आवश्यक हुन्छ । तसर्थ यी उपर्युक्त तथ्यहरुलाई ध्यानमा राखेर आधुनिक मनोवैज्ञानिकहरुले मनोविज्ञानलाई व्यक्तिका अनुभूति तथा व्यवहार दुवैमा अध्ययन गर्ने वस्तुपरक विज्ञानको रुपमा परिभाषित गर्न थालेका छन् । यस परिप्रेक्ष्यमा विभिन्न मनोवैज्ञानिकहरुले आ-आफ्ना शब्दमा मनोविज्ञानलाई परिभाषित गर्ने प्रयास गरेका छन्, जसमध्ये केही निम्नलिखित विचार मुख्य रुपले उल्लेख गर्न सकिन्छ :

एन.एल.मन्नका अनुसार-'आजभोलि मनोविज्ञानको सम्बन्ध व्यवहारको वैज्ञानिक छानविनसँग रहेको छ ।' क्रो तथा क्रो का शब्दमा-'संक्षिप्त रुपमा मनोविज्ञान मानवीय व्यवहार तथा मानवीय सम्बन्धहरुको अध्ययन हो ।' म्याक्डुगलका अनुसार-'मनोविज्ञान मानव व्यहार, त्यसका कारण तथा त्यसको स्थितिको अध्ययन हो ।' उडवर्थ तथा मार्क्विसका शब्दमा-'व्यक्तिा क्रियाकलापहरुको, त्यसका वातावरणको सम्बन्धमा वैज्ञानिक अध्ययनलाई मनोविज्ञान भनिन्छ ।' उपर्युक्त परिभाषाहरुका अध्ययनका आधारमा हामी निष्कर्षको रुपमा भन्न सक्छौं कि 'मनोविज्ञान प्राणीका पर्यावरणसँग सम्बद्ध अनुभव तथा व्यवहारको अध्ययन गर्ने एक वस्तुपरक विज्ञान हो'(शर्मा, २०७५) ।

देशमा जनयुद्धको सशस्त्र रुप उत्कर्षमा पुग्दै गयो । मुलुकमा सङ्कटकाल लागेपछि यातायात र आवागमनको कमीले गर्दा अस्पतालहरूमा आम बिरामीहरूको सङ्ख्या घटेको छ, तर देशव्यापी रुपमा मानसिक रोगका बिरामीहरू बढेका छन् । त्रिवि शिक्षण अस्पतालको मानसिक रोग विभागमा जचाउन आउने बहिरङ्ग बिरामीहरूको सङ्ख्या १३ वर्षअघि, २०४६ सालमा, करीब २५०० थियो । माओवादीहरूले 'जनयुद्ध' शुरु गरेको वर्ष, २०५२ सालमा, ३५०० रहेको मानसिक रोगीहरूको सङ्ख्या त्यसपछि क्रमशः बढ्दै २०५८

मा ४८०० पुग्यो । उक्त विभागले ०५९ को पहिलो तीन महिनामै १५०० विरामीको उपचार गरिसकेको छ (अधिकारी, २०५८) ।

**वैयक्तिक अध्ययन** (७)

*म पहारी थरको शहीद परिवारको सदस्य हो । म अहिले ४१ वर्षको भएँ । सामान्य लेखपढ गर्न सक्छु । २०४९ सालमा मेरो मागी विवाहभयो । हाम्रो २ छोराहरु छन् । ठुलो २४ र सानो १८ वर्षको भए उहाँ एउटा क्रान्तिकारी पत्रकार हुनुहुन्थ्यो । अन्यायका बिरुद्ध कलम चलाएको हुँदा तत्कालिन सरकारद्वारा २०५८ मा उहाँलाई १४ महिना कारागारमा विभिन्न यातना दिएर बन्दी बनाए । १४ महिनापछि वहाँ छुट्नुभयो र निरन्तर पार्टीको जिम्मेवारीमा जोडिनुभयो । त्यसैक्रममा २०६२ सालमा फेरी गिरफ्तार गरी चरम यातना पश्चात् असोज १८ गते वहाँको मृत्यु भयो । म अहिले एउटा किराना पसल चलाउँछु । यहि पसलबाट सामान्य जिवनयापन भइरहेको छ । परिवारमा सासु ससुरा हुनुहुन्छ तर हाम्रो सम्बन्ध राम्रो छैन । श्रीमान् बितेको १६-१७ दिनमा नै मलाई 'आफैं गरेर खा, हामी पाल्न सक्दैनौं' भनेर छुट्याईदिनुभयो र घरकै २-३ कोठामा छुट्टिएर छोराहरुलाई हुर्काउने र पढाउने काम गरेँ । मलाई अहिलेसम्म अंश पनि दिनुभएको छैन । छरछिमेकी पनि रातो कपडा लगाउँछे, आफ्नो श्रीमान् नभएपनि भनेर कुरा काट्ने गर्छन् । यहाँका सामाजिक क्रियाकलापमा खासै सहभागी गराउँदैनन् । म मुटुको रोगी छु । उपचारमा निकै खर्च हुन्छ । मुटुको अप्रेशन पनि गरेको हो । त्यसैले ऋण पनि छ । छोराहरु पार्टीको सहयोगमा छात्रबृत्तिमा पढे । तर अरु व्यवहारिक जिवनयापन गर्न कठिन छ । म पनि अहिले पार्टीमा आबद्ध छु । शहीद परिवारलाई सहज जिवनयापनका लागि शिक्षा, स्वास्थ्य, उपचार, रोजगारका बिषयमा दीर्घकालिन योजना बनाएर व्यवस्थापन गरे हुन्थ्यो । सेना र पुलिसबाट शहीद भएका परिवारहरुलाई रोजगार, परिचयपत्र, शिक्षा स्वास्थ्यमा व्यवस्थापन गरिएको छ । हामी मओवादीबाट शहीद भएको परिवारलाई त्यस्ता केही व्यवस्था पार्टी तथा राज्यबाट भएको छैन । पार्टीले पनि शहीद परिवारको व्यवस्थापनका लागि अलि महत्वका साथ यो विषयलाई हल गर्नुपर्छ ।*

## ५.२ उत्तरदाताको मासीक आम्दानी

शहीद परिवारको हालत अत्यन्तै नाजुक अवस्थामा रहेको छ । घरको कमाई गर्ने सदस्य नै राजनीतिक आन्दोलनको क्रममा परिवार नै त्यागेर हिँडेपछि आम्दानी नहुनु स्वभाविक पनि हुन जान्छ । पहिलो कुरा त तल्लो वर्गका भए खानेहरु नै धेरै समाज रुपान्तरणमा हिँडेका थिए । उनीहरुको पारिवारीक अवस्था कमजोर र आम्दानीको स्रोत नभएको तलको तालिकाबाट देख्न सकिन्छ :

**तालिका ५.१ : उत्तरदाताको मासिक आम्दानीको विवरण**

| आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| १००० देखी ५००० | १० | २१.७४ % |
| ५०००-१०००० | ८ | १७.३९ % |
| १००००-१५००० | १२ | २६.०८ % |
| १५०००-२०००० | १६ | ३४.७९ % |
| जम्मा | ४६ | १०० % |

*स्रोत: स्थलगत अध्ययन, २०७५ ।*

तालिका नं. ५.१ अनुसार कुल उत्तरदातामध्ये २१.७४ प्रतिशत १००० देखी ५००० सम्म मासीक आम्दानी देखिन्छ । १७.३९ प्रतिशत ५०००-१०००० आम्दानी गर्दा रहेछन् । कुल संख्याको २६.०८ प्रतिशतले मासिक १०००० देखी १५००० आम्दानी गरेको पाइयो । बाँकी ३४.७९ प्रतिशतले मासीक १५००० देखी २०००० सम्म आम्दानी रहेको छ ।

**वैयक्तिक अध्ययन (८)**

*परियार थरकी शहीद परिवारको सदस्य हुँ । म अहिले ६५ वर्षकी पुगेँ । लेखपढ गर्न सक्दिनँ । मेरो श्रीमान् वि.सं २०५२ सालदेखि नै माओवादी आन्दोलनमा आवद्ध हुनुहुन्थ्यो । पार्टीप्रति उहाँको अघात उच्च सम्मान थियो । २०६२ साल कार्तिक ६ गते पार्टी जिम्वेवारीकै क्रममा नवलपुरको देउराली भन्ने ठाँउमा उहाँको हत्या गरियो । मेरो एउटा छोरो छ । यसको सामान्य वटन पसल छ । म डोकोमा फलफुल र तरकारी बेच्न हिँड्छु । हामी अहिले ५ जनाको परिवार छौँ । विहान वेलुकाको छाक टार्न धौधौ छ । केटाकेटी पढाउन र घरवार चलाउन छोरालाई मुस्कील छ । म पनि दमको रोगी छु साथै काम गर्न सक्दिनँ उपचारमा खर्च लाग्छ । छोराको पसल पनि खासै व्यापार हुँदैन । कोठा भाडा तिर्दा ठिक्क हुन्छ ।मेरो श्रीमान जुनपार्टीमा लाग्नुभयो म पनि त्यहि पार्टीमा नै लागेर मर्ने हो । छोरा बुहारीलाई कतै जागिर लगाईदिए हुन्थ्यो जस्तो लाग्छ र शहीद परिवारलाई परिचयपत्रव्यवस्था गरिदिए हुन्थ्यो । यातायात, शिक्षा, स्वास्थ्य छुटको व्यवस्था हुने कुरा थियो त्यो पनि अहिलेसम्म भएको छैन । छोराबुहारीले माया नै गर्छन् । गाउँघरतिर केही पऱ्यो भने बोलाउँछन् । म आमा समूहमा पनि छु ।*

# अध्याय : छ

# परिवर्तित राजनीतिक घटनाप्रतिको धारणा

नेपाल लोकतान्त्रीक गणतन्त्र स्थापीत मुलक हो र यहाँका जनता आफ्नो इच्छा अनुरुप देशमा रहेका पार्टीहरुमा आवद्ध वा आस्था राख्न पाउने अधिकार नेपालको संविधानमा उल्लेख गरिएको छ । ४६ शहीद परिवार सबै राजनीतिक पार्टीमा आवद्ध छन् । आफ्नो परिवारको सदस्य जुन पार्टीबाट शहीद बनेको हो परिवार पनि त्यही पार्टीमै रहेका छन् ।

**तालिका नं. ६.१: राजनैतिक पार्टीको आधारमा उत्तरदाताको विवरण**

| **क.सं.** | **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | नेकपा (माओवादी केन्द्र) | ४६ | १००% |
| २ | नेपाली काँग्रेस | ० | ० |
| ३ | नेकपा (एमाले) | ० | ० |
| जम्मा | | ४६ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७५ ।*

तालिका नं. ६.१ अनुसार ४६ शहीद परिवार एउटै पार्टीमा अर्थात् हालको नेकपा ( माओवादी केन्द्र)मा आवद्ध छन् । राजनीतिक आस्थाका शहीद परिवारले सजिलै पार्टी परिवर्तन गर्दा रहेनछन् भन्ने पनि यही तथ्यांकबाट देख्न सकिन्छ ।

**वैयक्तिक अध्ययन (९)**

*म बि.क. थरकी ३७ बर्षीय शहीद परिवारकी सदस्य हुँ । मैले S.L.C उत्तीर्ण गरेकी छु । मेरो वुबाआमा कृषि पेशामा हुनुहुन्थ्यो । म र मेरो बहिनी दुवै २०५८ सालदेखि नै माओवादी आन्दोलनमा लागेका थियौ । बहिनी धनकुमारी जनवादी गितसङ्गीत मार्फत् गाउँगाउँमा सामान्तवाद विरुद्धमा जनचेतना जगाउने गर्थिन् र त्यसैबीच साँस्कृतिक कार्यक्रम सहभागी हुन जाँदा २०६० साल माघ २४ गते ल्वाङ घलेलमा गिरफ्तार गरि तत्कालिन शाही सेनाका क्रुर अपराधीहरुले हत्या गरे । त्यतिबेला उनी १४ वर्षकी मात्र थिईन् । म निरन्तर पार्टी संगठनको जिम्वेवारीमा लागे अहिले म प्रतिनिधीसभा सदस्य हुँ । पार्टीले शहीद परिवारका व्यवस्थापनका योजना बनाईरहेको छ । समग्र शहीद परिवारको गुनासाहरु र आवश्यकता सक्दो पुरा गर्ने तयारीमा छ । हामीले शहीद परिवारको छोराछोरीलाई शहीद विद्यालयमा पढाउने व्यवस्था मिलाएका छौँ । सम्पूर्ण पक्ष स्वास्थ्य, रोजगार, शिक्षा, जस्ता आधारभुत आवश्यकताको व्यवस्था त हुन सकेको छैन । तर आंशिक रुपमा प्रयासहरु गरिएका छन् । देश र जनताको लागी शहीद भएकोले गर्व महशुस हुन्छ । म प्रतिनिधि सभाको सदस्य तथा शहीद परिवार पनि भएको हुँदा शहीदका सम्पूर्ण सपनाहरु साकार बनाउन प्रयत्न गर्नेछु ।*

## ६.२भोगिएका समस्या र चुनौतीहरु

कुनै पनि बाबु आमाले आफ्ना सन्तान भोलि ठूला भएर आफू बृद्ध अवस्था हुने समयमा आफू र आफ्नो परिवारको ख्याल राख्लान् भन्ने अपेक्षा सबैले राख्नु स्वभाविक कुरा हो । तिनै सन्तान ठूला भएर बाबु आमाको रहर पुरा गर्ने बेलामा देशको भविष्यको सपना पुरा गर्ने भन्दै आफ्नो ज्यान वलिदान पिडा ति परिवारले विभिन्न समस्यामा भोग्नु परेको उत्तरदाताले बताएका छन् ।

**तालिका ६.२ : उत्तरदाताका समस्याहरु**

| **समस्या** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आर्थिक | २५ | ५४.३४ |
| सामाजीक | ५ | १०.८६ |
| मनोवैज्ञानिक | १० | २१.७३ |
| राजनैतिक | ६ | १३.०७ |
| जम्मा | ४६ | १००% |

**स्रोतः स्थलगत अध्ययन, २०७५।**

तालिका नं. ६.२ अनुसार शहीद परिवारमा मुख्य समस्या आर्थिक रहेको देखिन्छ जसमा कुल संख्याको ५४.३४ प्रतिशत रहेको पाइयो । सामाजिक समस्या कुल संख्याको १०.८३ प्रतिशत पाईयो । मनोवैज्ञानिक समस्या कुल सख्याको २१.७३ प्रतिशत रहेको पाइयो भने बाकी १३.०७ प्रतिशत राजनैतिक समस्या रहेको कुरा उत्तरदाताले बताएका छन् । मान्छे आदर्शको निम्ति जस्तोसुकै पीडा वा अभाव खप्न पनि तयार हुँदो रहेछ भन्ने यो तथ्यांकबाट बुझ्न सकिन्छ । घरको मुख्य व्यक्ति शहीद भएपछि अन्य सदस्यहरुलाई आर्थिक व्यवस्थापन गर्न निकै कठिन भएको पाइयो ।

**बैयक्तिक अध्ययन (१०)**

*लुइँटेल थरकी३५ वर्षीयशहीद परिवारको सदस्य हुँ । मलाई अहिले सामान्य पढलेख गर्न आउँछ । मेरा दुई छोरी छन् । उनीहरु अहिले १६ र १७ वर्षका भए । श्रीमान् २०५६ सालदेखि नै पार्टीमा पूर्णकालिन सदस्य भएर लाग्नुभयो । पार्टीकै जिम्मेवारीमा रहँदा २०६० साल कार्तिक ११ गते डाँडाकोनाकमा वहाँको शाहदत भयो । उहाँको दुई श्रीमतीमध्ये म कान्छी हुँ । दिदीको तर्फबाट ४ छोरी छन् । हामी छुट्टाछुट्टै बस्छौँ । सामान्य खालको बोलीचाली मात्रै हुन्छ । हाम्रो घर गुन्टेचौर हो ।*

*खासै जग्गा जमिन छैन । त्यसैले अहिले पोखरामा घर भाडामा बसिरहेका छौँ । छोरीहरुको शिक्षा, स्वास्थ्य, सहज होस् भन्ने सोचेर तीन वर्ष पहिले छोरीहरु होस्टेल राखेर मलेशिया गएँ तर काम गर्न सकिनँ र नेपाल फर्किएँ। त्यसपछि डोकोमा फलफुल र तरकारीहरु बेचेर गुजारा गरिरहेको छु । आधारभुत आवश्यकताहरु परिपुर्ति गर्न निकै गाह्रो छ । श्रीमान् नभएपछि समाजले पनि राम्रो दृष्टिकोणले हेर्दैन। मान्छेहरु नराम्रो नजरले हेर्छन् । मलाई एकदमै मानसिक तनाव हुन्छ । घरभाडा तिर्न खान, लाउनको व्यवस्थापनले अरुबारेमा केही सोच्नै सक्दिनँ । त्यसैमाथि जुन पार्टीमा लागेको हो त्यो पार्टीले वास्ता नगर्दा झन् पिडा हुन्छ । नेताहरु र उनका श्रीमतीहरुलाई जे गरेपनि पुगेको छ । तर हामी शहीद परिवारको बिचल्ली हुँदा कसैले वास्ता गर्दैनन् । मलाई मुटुको समस्या छ । उपचार गर्न पनि धेरै खर्च लाग्छ । स्वास्थ्य शिक्षामा छुटको व्यवस्था गर्नुपर्नेहो तर केही पनि व्यवस्था भएको छैन । सेना र प्रहरीबाट शहीद भएकालाई विभिन्न ठाउँमा जागिर दिएका छन् । हामीलाई राज्यले पनि विभेद गरेको छ । शहीद परिवारलाई परिचय पत्र दिनुपर्छ जसले गर्दा यातायात स्वास्थ्य, शिक्षामा सहयोग पाइयोस् ।*

## ६.३ सरकार र पार्टीसँगको अपेक्षा

शहीद परिवारका सदस्यले आफ्ना सन्तानले जुन देश र पार्टीको लागि ज्यानको बलिदान दिए त्यस पार्टीले सरकारको नेतृत्व गरिरहेको समयमा पिडीत परिवारले निम्न अनुसार अपेक्षा गरेका छन् । जुन तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका ६.३ : सरकार र पार्टीसँगको अपेक्षा**

| **अपेक्षाहरु** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| शिक्षा | २१ | ४५.६५% |
| स्वस्थ्य | १८ | ३९.१३% |
| रोजगारी | ४ | ८.६९% |
| आर्थीक | ३ | ६.५३% |
| जम्मा | ४६ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

तालिका नं ६.३ अनुसार शहीद परिवार र तिनका वालवच्चाको शैक्षिक गुणस्तरको लागि र उच्च शिक्षाको लागि कुल जनसंख्याको ४५.६५ प्रतिशत अर्थात सबैभन्दा बढी अपेक्षा शिक्षामा रहेको पाइयो । ३९.१३ प्रतिशत स्वस्थ्य क्षेत्रमा शहीद परिवारका गुनासो रहेको पाइयो जुन कुरा बुवा आमाले अपेक्षा रहेको पाइयो । कुल सख्याको ८.६९ प्रतिशत रोजगारीको लागी शहीद परिवारका सन्तानहरुलाई विशेष प्राथमिकता दिई रोजगारी उपलब्ध गराउन अनुरोध गरेको पाइयो भने बाँकी ६.५३ प्रतिशत आर्थिक अवस्था कमजोरीले विभिन्न राहत रकमको अपेक्षा गरेको पाइयो ।

**बैयक्तिक अध्ययन (११)**

*म तिवारी थरको शहीद परिवारको ४० वर्षीय सदस्यहुँ । मैले एस्.एल्.सी. उत्तिर्ण गरेको छु । म केहि वर्ष बैदेशिक रोजगारीका क्रममा मलेशियामा बसेँ तर खासै कमाई भएन । उल्टो ऋण मात्र थपियो । अहिले कुखुरापालन गरेको छु । त्यो पनि राम्रो भएको छैन । मेरी आमा आइ.एल्.ओ. संस्थामा राम्रो जागिरे हुनुहुन्थ्यो तर त्यहाँ सामान्तवादको व्यवहारबाट वाक्क भएर अन्याय र अत्याचारको बिरुद्धमा सुविधायुक्त जागिर छाडेर माओवादी आन्दोलनमा लाग्नुभयो । २०५९ सालमा पाल्पा पार्टीकै कामको शिलशिलामा हुँदा सेनाको हिरासतमा पर्नुभयो र वहाँको विभिन्न यातना पश्चात् हत्या गरियो । आमाको मृत्युपश्चात् बुवा पनि क्यान्सबाट बित्नुभयो । आमाको रगत पसिना बगेको पार्टीप्रति मलाई गौरव लाग्छ । म पनि पार्टीको कार्यक्रमहरुमा कहिलेकाँही जान्छु । आमाले जुन उद्देश्य बोकेर आफ्नो ज्यान दिनुभयो । त्यो अनुसार पार्टीले समानता र न्याय दिन सकेको छैन । केही मुठ्ठीभरका नेताहरुले मात्र आफ्नो स्वार्थ पुरा गरेका छन् । हामी शहीद परिवारप्रतिको जिम्मेवारीमा नत सरकार नत पार्टी पंक्तिबाट नै व्यवस्था गरिएको छ । अहिले मलाई रोजगारको आवश्यकता छ । नेताहरुले कतै ठाउँ पाएमा आफन्तहरु मात्र लगाउँछन् । हामीलाई हाम्रो क्षमता अनुसारको काम दिए छोराछोरी पढाउन र बिहान बेलुकाको छाक टार्न सहज हुनेथियो । कृषिपेशाबाट पनि गुजारा चल्न साह्रै गाह्रो भएको छ । व्यापार व्यवसायमा लगानी गर्न सक्ने अवस्था छैन । त्यसैले बेरोजगारीले गर्दा परिवारका सामान्य आवश्यकताहरु पुरा गर्न पनि निकै कठिन भईरहेको छ ।*

## ६.४शहीद र दलप्रतिको धारणा

अध्ययनको क्रममा प्राप्त सूचनालाई आधार मान्दाआफ्ना सन्तान गुमाउनुको पिडा र आफ्ना सन्तानको बलिदानीले ल्याएको नया व्यवस्थाले आफुलाई गौरवको महसुस गरेको बताएका छन् ।

**तालिका ६.४: शहीद परिवारहुनुको महसुस**

| क.सं. | महसुस | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गर्व लाग्छ | ४० | ८६.९६% |
| २ | बेकार लाग्छ | - | — |
| ३ | रिस उठ्छ | ४ | ८.७०% |
| ४ | अन्य | २ | ४.३५% |

तालिका नं ६.४ अनुसार अधिकांस शहीद परिवारले कम्युनिस्ट आन्दोलन र राज्यको परिवर्तनको निम्ति आफ्नो परिवारको सदस्यले वलिदान दिएको र आफूहरुले पनि निरन्तर अभाव र पीडा खप्दै बाँकी कार्यभार पूरा गर्न लागिपरेको बताउँदै आफूहरुलाई शहीद परिवार भएकोमा गर्वानुभूति हुने बताए । तर, केही परिवारका सदस्यले भने परिवारको रगत खेर गएको हो कि भन्ने आशंका र पार्टी नेतृत्वले क्रान्तिको बाटो छोड्यो भन्दै आक्रोश समेत व्यक्त गरेका छन् ।जसमध्ये ४४ परिवारले गर्वानुभूति गरे भने दुई परिवार आक्रोशित देखिए ।

**वैयक्तिक अध्ययन (१२)**

*म गौतम थरको शहीद परिवारको सदस्य हुँ । म अहिले ३८ बर्षकी भएँ । सामान्य लेखपढ गर्न सक्छु । मेरो बुवा शिक्षक हुनुहुन्थ्यो । उहाँ माओवादी पार्टीका कार्यक्रमा सहभागी हुन जानुहुन्थ्यो । म पनि कहिलेकाँही उहाँसँग जान्थेँ । यसरी म बुवाका कुराहरु सुनेर माओवादी पार्टीका बिचारधारा र एजेन्डाहरुबाट प्रभावित भएर २०५६ सालमा पुर्णकालिन कार्यकर्ता भएर लागे त्यसैक्रममा मेरो भेट दामोदर गौतमसँग भयो । हामी एक अर्काको नजिक भयौँ र पार्टीको सल्लाह अनुरुप नै विवाह गर्ने निधो गऱ्यौँ । म मगर जातीको दामोदरजी ब्राह्मण जातीको हुँदा हामी दुवैका परिवारले स्वीकार नगर्ने होकी भनेर डर लागेको थियो तर परिवारका सदस्यहरुले कुनै पनि प्रकारको हस्तक्षेप गर्नु भएन । सहज रुपमा स्वीकार गर्नुभयो । यसरी २०५७ साल पुस ८ गते हामीले विवाह गऱ्यौँ र पार्टीको आ-आफ्नै जिम्मेवारीमा लाग्यौँ । २०६० साल कार्तिक ११ गते उहाँ विस्फोटनमा परी शहीद हुनुभयो । त्यो बेला छोरा भर्खर ७ महिनाको थियो । श्रीमान् गुमाउनुको पिडा त थियो नै तरपनि पार्टीप्रतिको उच्च सम्मान पनि उत्तिकै थियो र अहिले पनि छ । छोरा सानो भएको हुँदा उसलाई हुर्काउन मैले धेरै संघर्ष गरे । घर परिवारकोराम्रो सहयोग पाएँ । अंश पनि न्यायोचित ढंगले पाएकी छु । केही दुख परेमा आफन्तले सहयोग गर्नुहुन्छ । छरछिमेकी पनि राम्रो व्यवहार गर्छन् । अहिले मेरो किराना पसल छ । साथै कुखुरापालन पनि गरेकी छु । त्यहीबाट सामान्य जीवनशैली चलिरहेको छ । अहिले छोरा १६ वर्षको पुग्यो । एस्.ई.ई. दिदैछ । उसको शिक्षाको लागि विद्यालयका प्रधानाध्यापकको सहयोगमा छात्रवृत्तिमा पढिरहेको छ । अब उच्च शिक्षाको व्यवस्थाको लागि अलि चिन्तामा छु । आफ्नो रगत र पसिना बगेको पार्टीको निकै सम्मान र माया लाग्छ तर पछिल्ला केही गतिबिधिप्रति चित्त बुझेको छैन । केही नेताहरु आफ्नो स्वार्थमा मात्र लागेको देखिन्छ । पार्टीले उठाएका मुद्दा र एजेन्डाबाट पछि हट्यो कि भन्ने लाग्छ । हजारौँले ज्यान दिएको परिणाम आज गणतन्त्र आएको हो । यिनै शहीद परिवारलाई उचित व्यवस्थापनमा चासो देखाएको छैन । क्षमता अनुसारको रोजगारी, शिक्षा, स्वास्थ्यमा नयाँ अवधारणा तथा योजनाको आवश्यकता छ ।*

# अध्याय : सात

# सारांश र निष्कर्ष

## ७.१ सारांश

नेपालमा राजनैतीक स्थिरता, दिगो विकास, समृद्धि र शुन्य सहनशिलताजस्ता सपना साकार पार्ने र नेपाली जनतालाई अधिकार सम्पन्न बनाउने सपना बोकेर माओवादी जनयुद्धमा लागेर ति सपना साकार हुनुभन्दा पहिले वा शान्तिवार्ता हुनु अगाडी नै देश र जनताको निम्ति शाहदत प्राप्त गरेका शहीदहरु र तिनका परिवारले भोग्नुपरेका पिडाहरु वर्तमान अवस्थामा तिनै शहीदहरुको काँधमा टेकी हाल सत्तामा पुगेका नेताहरुले आफूले जनयुद्धका समयमा गरेका प्रतिवद्धता बिर्सेर सत्ता र शक्तिको पछाडी लागेको भन्ने विचार कास्की जिल्लाका द्वन्द्व पिडीत वा शहीदका परिवारले व्यक्त गरेका छन् जुन कुरालाई बुँदागत रुपमा तल उल्लेख गरिएको छ :

- शहीद परिवारका सदस्यहरुको उमेरलाई हेर्दा ४० वर्षदेखि ४९ वर्षसम्मका सबैभन्दा बढी र ५० वर्षमाथिका र ३० देखि ३९ वर्षका मानिसहरुले आफ्ना सन्तान गुमाएको देखिन्छ । ४० देखि ४९ वर्ष उमेरमा व्यक्ति शहीदका श्रीमति दाजुभाई, दिदीबहिनी हुन् भने ५० वर्ष माथिका व्यक्तिहरुशहीदका वुवाआमाहरु रहेछन् ।
- जातीगत हिसाबले हेर्दा ब्राह्मण परिवारका सबैभन्दाबढी र अरु जनजाती र दलित परिवारको व्यक्तिहरु शहीद भएको देखिन्छ ।
- पेशागत रुपमा हेर्दा शहीद परिवारका सदस्यहरु मजदुरीमा लागेको सबैभन्दा बढी देखिन्छ भने व्यवसाय र कृषिमा २१.७३९ प्रतिशत र १९.५६५ प्रतिशत लागेको देखिन्छ भने सेवा क्षेत्रमा जम्मा ८.६९५ प्रतिशत पेशामा आवद्ध रहेको देखिन्छ । जसबाट शहीद परिवारको आर्थिक अवस्था विकराल रहेको भन्न सकिन्छ ।
- धार्मिक रुपमा हेर्दा सबैभन्दा बढी हिन्दु धर्म मान्ने शहीदका परिवार रहेका छन् भने बौद्ध, क्रिस्चियनका शहीद परिवार कम रहेको देखिन्छ ।
- राजनीतिक रुपमा अध्ययन गर्दा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) जुन पहिलेको माओवादी केन्द्र जुन सशस्त्र द्वन्द्वबाट आएको पार्टी हो । त्यही पार्टीमा अहिले पनि

शहीदका परिवारले आस्था राखेको पाइयो भने अन्य पार्टीमा निकै कम मात्रामा रहको पाईयो ।

- वैयक्तिक अध्ययनअन्तर्गत शहीदका परिवारले आफ्नो वर्तमान अवस्था र आफ्ना सन्तान कुन ठाउँमा साहादत प्राप्त गरे भन्ने जानकारी दिए । तिनै परिवारले पार्टी रसरकारले आफ्ना समस्या खासै नबुझेको र आफ्ना वालबच्चाको आर्थिक, सामाजिक र मनोवैज्ञानिक अवस्था कमजोर भएको गुनासा गरे । सन्तानले देश र जनताका निम्ति देखेका सपना पुरा नभएको र त्यसप्रति दलहरु त्यति गम्भिर भएर नलागेको कुरालाई स्पष्ट रुपमा राखेका छन् ।
- शहीद परिवारका सदस्यको हकमा युवा, वयस्क र जेष्ठ नागरीकहरु रहेको देखियो ।
- शैक्षिक अवस्था हेर्दा शहीद परिवारका सदस्य धेरैजसो न्युन शिक्षा अथवा निरक्षर र साक्षर रहेको पाइयो भने उच्च शिक्षा हासिल गर्नेको संख्या न्युन रहेको पाइयो ।
- पेशागत रुपमा हेर्दा मजदुरी गरी खाने संख्या सबैभन्दा बढी र व्यवसाय र कृषिको संख्या अलि कम र सेवा क्षेत्रमा लागेको संख्या त्यसभन्दा पनि कम रहेको पाइयो ।
- वैयक्तिक अध्ययनअन्तर्गत शहीदका परिवारलाई राज्यले गर्नुपर्ने सहयोग अत्यन्त कम मात्रामा गरेको पाईयो ।
- शहीद परिवारका सदस्यहरुको आर्थिक अवस्था पनि न्यून र जिवीको पार्जन गर्न अति कठीन रहेको अध्ययनमा संलग्न उत्तरदाताले बताएका छन् ।
- राज्यले शहीद परिवालाई दिइने सहयोग खासै प्राप्त गर्न नसकेको र केही संख्यामा मात्र परिवारका बालबालिका लाई शिक्षामा सहजीकरण गरको पाइयो ।
- शहीद परिवारहरुको सम्पूर्ण पक्षको व्यवस्थापनमा राजनैतिक पार्टी र सरकारले पूर्णरुपमा व्यवस्थापन गर्न नसकेको कुरा व्यक्त गरेका छन् । शिक्षा, रोजगारी, स्वास्थ्यमा परिचयपत्र बनाएर सहुलीयत दिनुपर्ने उनीहरुको अपेक्षा रहेको पाइयो ।
- राज्यस्तरबाट दिएको सुविधाहरु सबै शहीद परिवारलाई नपुगेको गुनासो केही शहीद परिवारले सुनाएका छन् ।
- राष्ट्रका लागि आफ्नो परिवारको वलिदानप्रति गर्व लाग्ने र शहीद परिवार भनेर सम्मान गर्दा खुसी लाग्ने बताएका छन् तर देशमा लोकतान्त्रिक गणतन्त्र आएको

१३/१४ वर्ष पुग्दा पनी जनताले विकास, समृद्धि, स्थीरताको अनुभुति गर्न नपाएकोमा कहिलेकाही खिन्न महसुस हुने गुनासो छ ।

- समाजमा दलित समुदायलाई सामाजिक क्रियाकलापमा सहभागी नगराउने र विभिन्न मानसिक तनाव दिएको कारण तत्कालिन माओवादीले न्याय र समानताको एजेण्डा बोकेका कारण पार्टीमा लागेको बताएका छन् ।
- सुरुसुरुमा शहीद परिवारलाई समाजले राम्रो दृष्टिकोणले नहेर्ने तर समय बित्दै जाँदा सुधार हुँदै गएको पाइएको छ ।

## ७.२ निष्कर्ष

आज संसारका धेरै मुलुक द्वन्द्वबाट अछुतो रहन सकेका छैनन् । नेपालमा पनि सशस्त्र द्वन्द्व नौलो विषय होइन । पृथ्वीनारायण शाहले गोर्खा राज्यलाई विस्तार गर्ने महत्वकांक्षा राखी बाइसे-चौबिसे साना राज्यहरुलाई एकीकरण गर्न थालेदेखि सशस्त्र द्वन्द्व नेपालले भोगिरहेको विषय हो । नेपालमा जनयुद्धको क्रममा १३,५०० मानिसले ज्यान गुमाए । तिमध्ये राज्यका तर्फबाट ६३ प्रतिशत र माओवादीबाट ३७ प्रतिशत मानीस मारिएको तथ्याङक उल्लेख रहेको छ । १३५०० मानिसका परिवार र यसै द्वन्द्वमा वेपत्ता पारिएका मानिस र तिनका परिवारले भोग्नु परेका पिडा र जिवन जिउनको लागि गरिएका संघर्षको मूल्याङ्कन गरी साध्य छैन ।  समाज र देशको अग्रगामी परिवर्तनको निम्ति ज्यानको बलिदान दिएर मान्छेहरुशहीद बनेका हुन् । जसको मद्दतले आज देशमा नयाँ व्यवस्था लागू गरिएको छ । जुन व्यवस्थालाई लोकतान्त्रिक गणतन्त्र भनिन्छ ।

शहीद एक राजनैतिक पदावली हो । जसको सम्बन्ध भौतिक तथा वैचारिक सत्तासँग प्रत्यक्ष रुपले जोडिएको हुन्छ । विश्वका विभिन्न दर्शनहरुमा शहीदलाई फरकफरक ढंगले अर्थाइएको भएपनि तिनीहरुको सार भनेको सहीदलाई देशको आदर्शको रुपमा बुझ्नु नै हो । सामाजिक तथा राजनैतिक परिवर्तनका हरेक महत्वपूर्णउपलब्धीहरुमा शहीदहरुको योगदान अतुलनिय छ । राष्ट्र, राष्ट्रियता प्रजातन्त्र, लोकतन्त्र, मानव अधिकार तथा कानुनी राज्य स्थापना गर्न गरिने हरेक आन्दोलन युद्धमा सहभागी हुँदै जीवनको बलिदान दिने व्यक्ति नै शहीद हुन् ।

नेपालमा गणतन्त्र संघीयता, समावेशी, लोकतन्त्र, धर्म निरपेक्षता, समावेशी लोकतन्त्रको स्थापनार्थ जग नै सशस्त्र युद्ध हो । हाल संविधान सभाबाट जारी भएको

संविधानको आधारमा मुलुक नयाँ राजनितिक युगमा प्रवेश गरिसकेको छ । देशमा नेपालको संविधान २०७२ आएपछि देशमा जनताहरुको लगभग दुईतिहाई नजिक बहुमत प्राप्त गरेर नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सरकारले देश सञ्चालन गरिरहेको छ । नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)को पार्टी एकीकरणबाट नयाँ बनेको पार्टी हो ।

यस अवस्थामा देश र जनता सुख समृद्धि र परिवर्तको पक्षमा आफ्नो ज्यान दिने शहीद र तिनका परिवारले भोगेका पिडामा झन नुन छर्कने काम गरिएका छन् । राजनितिक पार्टीका नेता तथा कार्यकर्ताले कहिले नेपाल बन्द गरेर होस् वा द्वन्द्व पिडित र वेपत्ता परिवारका सदस्यहरुको जिवनयापन गर्न झनै कठीन भएको कुरा ति शहीद परिवारले बताएका कुरा र  वैयक्तिक अध्ययनबाट पनि प्रष्ट हुन आउँछ ।

# सन्दर्भ सामग्री

अधिकारी (शास्त्री), हेमराज (२०५८): *आजको नेपाल प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानमुलक इतिहास,* : नारायणी प्रिन्टिंग एण्ड ट्रेडर्स सहकारी संस्था लि., काठमाडौं, नेपाल ।

उप्रेती, विष्णुराज (२०६२) *नेपालमा माओवादी सशस्त्र द्वन्द्व कारण, असर र समाधानका प्रयासहरु*अन्नपुर्ण मिडिया प्रा.लि. वर्ष ५ अंक ५, २०६२ बैशाख काठमाडौं, नेपाल ।

ए. ने. क. पा. (माओवादी), मगरांत (२०६९) : *नेपाली कम्युनिष्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्ताबेजहरु,* कोशी प्रिन्टिंग प्रेस, बबरमहल, काठमाडौं, नेपाल ।

कार्की, निलकमल (२०७६) *नारीमुक्ती आन्दोलनको मात्र होइन, समग्र समाज मुक्ती आन्दोलनको अग्रणी,*कान्तिपुर मिडिया प्रा.लि.वर्ष १८, अंक ४,२०७६ फाल्गुन ७ ।

के.सी., राम बहादुर (२०५६) *कम्प्युनिष्ट पार्टीको उत्पत्ति र त्यसको विस्तार,*वर्ष १३, अंक ६ २०५६ चैत्र २३ गते काठमाडौं, नेपाल ।

केन्द्रिय तथ्यांक विभाग, २०६८, पपुलेसन मोनोग्राफ अफ नेपाल (भोलुम २), राष्ट्रिय योजना

आयोगको सचिवालय, रामशाहपथ, काठमाडौं, नेपाल ।

खनाल, प्रतिक्षा (२०६२) *चिनिया कम्प्युनिष्ट पार्टीको विजयी र जनवादी गणतन्त्र चिनको घोषणासमग्र समाज मुक्ती आन्दोलनको अग्रणी,*कान्तिपुर पब्लिकेशन, वर्ष १३ अंक ४, २०६२ चैत्र७काठमाडौं, नेपाल ।

खड्का, नहेन्द्र (२०७४) *२००७ सालको जनआन्दोलन र यसको वास्तविकता,* फाल्गुन ११ गते शुक्रवार लेफ्ट रिम्यु अनलाईन ।

गुरागाईं, रमेश (२०६९) *शान्तिमोर्चामा माओवादी,* काठमाडौँः कोशी प्रिन्टिंग प्रेस ।

*जनक्रान्ति (शहीद परिचयमाला विशेष)* वर्ष पुर्णांक ५ (२०६५) काठमाडौँ : प्रकाशक ने क पा माओवादी) मगराज राज्य समिति, पारु अफसेट प्रेस ।

*जनयुद्ध र नेपाली महिला आन्दोलन* (२०६०) मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल केन्द्रिय प्रकाशन विभाग काठमाडौं, नेपाल ।

ढकाल, विजय (२०६४) *शहीद गाथा,* शहीद स्मृति प्रतिष्ठान, पोखरा, नेपाल ।

न्यौपाने, लेखनाथ (२०७५) संघर्षको इतिहास, सनराईज पब्लिकेशन, काठमाडौं: नेपाल ।

पाण्डे, भवानीप्रसाद (२०६४) *शहीद,* पोखरा: बिजय ढकाल शहीद स्मृति प्रतिष्ठान ।

बैद्य, मोहन (किरण) (२०७४), हिमाली दर्शन : हिमाली प्रकाशन, काठमाडौं, नेपाल ।

भट्ट, लोकेन्द्र (२०७६) *जनआन्दोलन २०६२/०६३,* रातो पाटी चैत्र २९, २०७६ ।

भट्टराई, गोबिन्दराज र घिमिरे, विष्णु (२०६६) *द्वन्द्व र युद्धका कथा,* काठमाडौं ।

भौकाजी, विमला (२०७४) *जनआन्दोलन २०४६ र चाक्सीबारी,*अन्नपुर्ण मिडिया हाउस, वर्ष १३, अंक ३काठमाडौं, नेपाल ।

रोय, अनिवार्य (२०६५) *प्रचण्ड एक अज्ञात क्रान्तिकारी,* युग पब्लीकेशन लि., गोंगबु, काठमाडौँ, नेपाल ।

*शहीद गाथा भाग १,* (२०६४)केन्द्रिय प्रकाश विभाग, नेपाल दलित मुक्ति मोर्चा (एकीकृत)काठमाडौं, नेपाल ।

श्रेष्ठ, श्याम लाल (२०७४), *२०३६ सालको विद्यार्थी जनआन्दोलन र जनमत संग्रह,* अन्नपुर्ण मिडिया हाउस, वर्ष १० अंक २, काठमाडौं, नेपाल ।

Bhattrai, B (1998) *Politico-Economics Rationle of peolple's War in Nepal*, URL (consulted Iune 2004): www.maoism.org\misc\Nepal Google Scholar

Hofton, M., W, reaper and I. Whelpton (1999): *People, Politics and Ideology: Democracy and Social Changes in Nepal*. Kathmandu, Mandalal Book Point. http / / kishoregawandenet/wp.

Marshed, S. Mansoob and Scott Gates (2004): *Spatial Horizontal Inequality and the maoist Insurgency in Nepal*,

OHCHR (2012): *Nepal Conflict Report 2012EXECUTIVE SUMMARY An analysis of conflict-related violations of international human rights law*

*and international humanitarian law between Eebruaw 196 and 21 November 2006.*

M. Rita (2004): Maoist insurgency in Nepal,Radicalizing Gendered Narratives.

sapkota, D. (2010): *Ten years of upheaval Report of the ducade long Maoist people's war in Nepal, Indreni Offset Press, Anamnagar, Kathmandu, Nepal.*

htttp://journals.sagepub.com/doi/ads/10.1177/09213740040 47750.

http://www.ohchr.org/Documents/countries/NP/OHCHR_ExecSumm_Nepal_Conflict_report20 12.pdf.

www.dictionary.com

# अनुसुची : १

*त्रिभुवन विश्वविद्यालयको पृथ्वीनारायण क्याम्पस समाजशास्त्र स्नाकोत्तरको अन्तिम बर्षको शोधपत्रका लागि १० वर्षे जनयुद्धमा शहीद धएका परिवारको सामाजिक मनोवैज्ञानिक अवस्था शीर्षकको अनुसन्धान  सर्वेक्षणका लागि कास्की जिल्लामा रहेका शहीद परिवारको अन्तर्वार्ताका लागि तयार गरिएको अन्तर्वार्ता अनुसुची :*

नाम :

१)    तपाईको उमेर कति हो ?

२)    तपाईको शैक्षिक योग्यता कति हो ?

१. निरक्षर    २. साक्षर    ३. प्रविणता प्रमाणपत्र तह

४. स्नातक    ५. स्नाकोत्तर

३)    तपाई हाल कुन पेशामा आबद्ध हुनुहुन्छ ?

१. मजदुर    २. व्यवसाय    ३. कृषि    ४. सेवा

५. अन्य

४)    तपाई हाल विवाहित कि अविवाहित हुनुहुन्छ ?

१.    विवाहित    २. अविवाहित

५)    तपाईको परिवार युद्ध हुनुभन्दा पहिले कुन पेशामा आबद्ध हुनुहुन्थ्यो ?

१.    मजदुर    २. व्यवसाय    ३. कृषि ४. सेवा    ५. अन्य

६)    तपाईको मासिक आम्दानी कति छ ?

१. १० देखि २० हजार सम्म    २. २० देखि ३० हजार सम्म

३. ३० देखि ४० हजार सम्म    ४. ४० देखि ५०    ५. ५० भन्दामाथि

७)  हाल परिवारमा कतिजना सदस्य हुनुहुन्छ ?

.............................................................................................................

८)  तपाईँको शहीदसँगको नाता के हो ?

१) बुबा/आमा   २) छोरा/छोरी   ३) श्रीमान्/श्रीमती   ४) दाजु/भाई   ५)अन्य

९)  परिवारका अन्य सदस्यहरुले तपाईँप्रति गर्ने व्यवहार कस्तो छ ?

१) घनिष्टता   २) राम्रो   ३) नराम्रो   ४) ठिकै

१०)  तपाईको आफन्त शहीद भएको कति वर्ष पुग्यो ?

१) ५ देखि १०   २) १० देखि १५ वर्ष   ३) १५ देखि २०

४) २० देखि २५

११)  छोराछोरीले अध्ययन गर्ने विद्यालय कुन प्रकारको छ ?

१) निजी   २) सरकारी

१२)  तपाईको परिवारको दैनिक जीवनयापन कसरी चलिरहेको छ ?

..................................................................................

१३)  वर्तमान समयमा के कस्तो समस्याहरु भोग्नुभएको छ ?

..................................................................................

१४)  राज्यस्तरबाट के कस्ता सहयोग पाउनुभएको छ ?

..................................................................................

१५)  तपाई हाल कुन पार्टीसँग आबद्ध हुनुहुन्छ ?

१)  छ   २) छैन   ३) यदि छ भने ............

१६)  राजनीतिक पार्टीबाट कुनै प्रकारको सहयोग प्राप्त गर्नुभएको छ ?

१)  छ   २.) छैन   ३) कहिलेकाही   ४) प्रायजसो

१७) कुनैपनि संघसंस्थाबाट सहयोग प्राप्त गर्नुभएको छ ?

१) छ २) छैन ३) छ भने...............

१८) आफ्नो परिवार शहीद हुनुमा कस्तो महसुस गर्नुहुन्छ ?

१) गर्व लाग्छ २) वेकार लाग्छ ३) रिस उठ्छ ४) अन्य

१९) युद्ध अगाडि र युद्ध पछाडि तपाईलाई समाजले हेर्ने दृष्टिकोणमा के कस्तो परिवर्तन पाउनु भएको छ?

........................................................................

२०) शहीद परिवार हुनुको कारण कुनैपनि हिंसामा पर्नुभएको छ ?

१) शारिरिक २) मानसिक ३) लैङ्गिक ४) यौनजन्य

२१) समाजमा हुने क्रियाकलापमा तपाईको सहभागिता हुन्छ कि हुदैछ ?

१) हुन्छ २) हुदैन ३) कहिलेकाहि ४) प्रायजसो

२२) तपाई कुनै पनि सामाजिक संघ संस्थामा आबद्ध हुनुहुन्छ कि हुदैन ?

१) छु २) छैन

यदि छु भने ..................... (आमा समुह, टोल सुधार, बनउपभोक्ता, खानेपानी)

२३) सरकार र पार्टीसँगको अपेक्षा के कस्ता छन् ?

......................................................................................

२४) सरकारको तर्फबाट शहीद परिवारलाई दिएको रकम पाउनुभयो ?

१) पायौँ २) पाएका छैनौ

२५) राष्ट्रले शहीदहरुलाई गरेको सम्मान तपाई सन्तुष्ट हुनुहुन्छ ?

१) छु २) छैन

२६) वर्तमान अवस्थामा विकसित राजनैतिक घटनाप्रति तपाईको के धारणा छ ?

२७)  भविष्यमा राज्यले शहीद परिवारको व्यवस्थापनको लागि कस्तो योजना निर्माण गर्नुपर्ला ?

..........................................................................................

२८)  आम्दानीको सबैभन्दा बढी खर्च केमा हुन्छ ?

१) खाना   २) शिक्षा   ३) स्वास्थ्य   ४) मनोरञ्जन   ५) अन्य

# अनुसुची ३

## अध्ययनको क्रममा लिइएका तस्विरहरु



















